**मजदुर विज्ञापन शाखा**

**नागांचा-१०, भक्तपुर, फोन नं. ९७४४४२४४६५**

**विज्ञापनको लागि सूचना**

सम्पूर्ण ग्राहकवर्गले विज्ञापन दिने gmail id: majdurdaily@gmail.com उक्त gmail id change भई नयाँ gmail id र भाइबर नं. भएको जानकारी गराउँदै विभिन्न साइजको विज्ञापन दिनुपरेमा तलको उल्लेखित भाइबर नं.मा viber वा दिइएको gmail id मा मेल गरिदिनुहुन यो सूचना प्रकाशित गरिएको छ ।

भाइबर नं. : ९७४४४२४४६५

Gmail : majdurdailybigyapan@gmail.com

मजदुर The Worker Daily दैनिक



भ.पुजि.प्र.का.द.नं. २६/२०५५/५६

भ.पु.जि.हु.का.द.नं. २/०७०/७१

# मजदुर

*The Worker Daily* दैनिक

Website : www.onlinemajdoor.com





**विज्ञापनको निम्ति सम्पर्क**

**फोन नं ६६१९१०७ ६६२०५५९**



★ वर्ष : २८ ★ अङ्क : ९९ ★ ने. सं. ११४६ बछला गा, प्रतिपदा ★ शनिबार ★ १९ वैशाख, २०८३ ★ May 2, 2026, Saturday ★ मूल्य रु. ५।– ★ पृष्ठ ८


# विदेशी सहयोगको भरमा देश विकास र आत्मनिर्भर नहुने




भक्तपुर, १८ वैशाख । नेपाल क्रान्तिकारी मजदुर सङ्घको आयोजनामा १३७ औं अन्तर्राष्ट्रिय श्रमिक दिवस शुक्रबार जुलुस र सभा सम्पन्न भयो ।

दूधपाटीबाट सुरु भएको जुलुस नगर परिक्रमापछि सूर्यमढीमा पुगी सभामा परिणत भएको थियो ।

सभामा नेमकिपाका केन्द्रीय सदस्य सुनिल प्रजापतिले सङ्घर्षबाटै देश र जनताको मुक्ति हुने उल्लेख गर्दै जनताको सङ्गठित शक्तिले नै जनताका हक अधिकार प्राप्त भएको विचार व्यक्त गर्नुभयो ।

आन्दोलनबाट प्राप्त अधिकार कुनै सरकारले खोसेमा निर्वाचित सरकारलाई जनआन्दोलनबाटै हटाइने विचार व्यक्त गर्दै उहाँले जनताको विश्वास नभएर या असन्तोष बढेरै सरकार असफल हुन्छ भन्नुभयो ।

सन् १९१७ मा लेनिनको नेतृत्वमा भएको क्रान्ति सफल भएरै समाजवाद स्थापना भएको उल्लेख गर्दै उहाँले समाजवादी क्रान्ति पछि देशमा परिवर्तन आएको बताउनुभयो । उहाँले निर्दोषको ज्यान लिने र देशको सम्पत्ति नष्ट गर्ने व्यक्तिमाथि कारबाही हुनुपर्छ भन्नुभयो ।

भदौ २३ र २४ गतेको आन्दोलनमा साम्राज्यवादी या विदेशी शक्ति राष्ट्रहरूको घुसपैठतर्फ जनता सचेत हुनुपर्ने आवश्यकता औंल्याउँदै उहाँले अपराधीहरू सजायभागी हुनुपर्छ भन्नुभयो ।

राजनीतिक चेतनाको अभाव र साम्राज्यवादीहरूको चलखेलले पेरिस कम्युन असफल भएको तर्फ सबैले शिक्षा लिनुपर्ने आवश्यकता औंल्याउँदै उहाँले समाजवादी व्यवस्थाको निम्ति न्यायप्रेमी जनता एक हुनुपर्नेमा जोड दिनुभयो ।

विदेशी सहयोगको भरमा देश विकास र आत्मनिर्भर नहुने स्पष्ट पार्दै उहाँले राजनीतिमा खेलबाड गरेर निरङ्कुशता लाद्नेहरू नटिक्ने बताउनुभयो ।

दुईदिनको बिदाले सरकारी अस्पतालमा स्वास्थ्य सेवामा असर पर्ने उल्लेख गर्दै उहाँले यसले महँगो निजी अस्पताल पोस्ने काम गर्छ भन्नुभयो ।

इमानदारीपूर्वक जनताको सेवा नगर्नेहरू जनसेवक नहुने उल्लेख गर्दै उहाँले गरिब जनतालाई स्वास्थ्य सेवामा राहत दिन, स्वास्थ्य सेवामा सहज बनाउन व्यवस्था गरिएको स्वास्थ्य बीमाबारे सरकार मौन रहेको बताउनुभयो ।

संसद् छलेर अध्यादेश ल्याउन नहुनेमा जोड दिँदै उहाँले भन्नुभयो, "सरकारले महँगी नियन्त्रण गर्नुपर्छ । कृषि उत्पादनमा जोड दिनुपर्छ । युवाहरूलाई स्वदेशमै रोजगारीको व्यवस्था गर्न र जनताका आधारभूत आवश्यकता पूर्ति गर्न कलकारखानाहरू खोल्नुपर्छ ।"

नेमकिपाका केन्द्रीय सदस्य सुरेन्द्रराज गोसाईले साम्राज्यवाद अन्त्य नभएसम्म संसारमा शान्ति र सुरक्षाको अनुभूति नहुने हुँदा शान्तिको सन्देश छर्न युद्धबिनाको संसार आवश्यक भएको स्पष्ट पार्नुभयो ।

स्वतन्त्रता र समानताबिना शान्ति नहुने स्पष्ट पार्दै उहाँले संसारका न्यायप्रेमी जनताले साम्राज्यवादको विरोध गरिरहेको बताउनुभयो ।

सुशासन र भ्रष्टाचारको बखान गरेर देशको सम्पदा जलाउनेहरू देशभक्त नहुने उल्लेख गर्दै उहाँले चटकेपाराले शोषण अन्त्य हुनेछैन, जनताले न्याय पाउने छैनन् भन्नुभयो ।


***बाँकी पृष्ठ ८ मा***


# कैलालीमा १३७ औं अन्तर्राष्ट्रिय श्रमिक दिवस मनाइयो




कैलाली, १८ वैशाख । नेपाल मजदुर किसान पार्टी कैलालीको आयोजनामा १३७ औं अन्तर्राष्ट्रिय श्रमिक दिवसको अवसर पारी कैलालीको लम्किचुहा नगरपालिका वडा नं.२ मोतिपुर बजारमा कोणसभा गरी लम्की बजारमा सभा भयो ।

कार्यक्रममा नेमकिपाका केन्द्रीय सदस्य तथा सुदूरपश्चिम प्रदेश संयोजक नवराज कोइरालाले देश तथा विदेशका सम्पूर्ण मजदुरलाई शुभकामना व्यक्त गर्नुभयो ।

उहाँले मजदुरहरूलाई हेला गर्नु र होच्याउनु सामन्ती संस्कार भएको बताउनुभयो । उहाँले सन् १८८६ मे १ मा संरा अमेरिकाका मजदुरहरूले ८ घण्टा काम र ज्याला बढाउने माग राखी सुरू गरेको आन्दोलनको परिणामस्वरूप आज ८ घण्टा काम भएको बताउनुभयो ।

उहाँले सन् १८८९ मे १ मा फ्रान्सको राजधानी पेरिसमा एङ्गेल्सको नेतृत्वमा मजदुरहरूको भेलाबाट अमेरिकाको शिकागो सहरबाट भएको मे १ को मजदुर आन्दोलनको दिनलाई अन्तर्राष्ट्रिय मजदुर दिवस मनाउन थालेको बताउनुभयो ।

उहाँले पुँजीवादी व्यवस्थाले कहिल्यै पनि कामदारवर्गको हितमा काम नगर्ने उल्लेख गर्दै पुँजीवादले पुँजीपतिहरूकै हित गर्ने र पुँजीवादलाई टिकाइराख्न सामान्य सुधारका कार्यक्रमहरू ल्याई नागरिकमा परिवर्तन भएको भ्रम सिर्जना गर्ने बताउनुभयो ।

उहाँले मुलुकमा मानव जातिको कल्याण गर्ने एक मात्र बाटो समाजवादी व्यवस्था भएकोले समाजवाद ल्याउन सम्पूर्ण कामदारवर्गलाई एक ठाउमा ल्याई सङ्गठित गर्नुपर्ने बताउनुभयो ।

नेमकिपाका केन्द्रीय सदस्य खगेन्द्रबहादुर शाहीले नेमकिपाको मुख्य उद्देश्य भनेको किसान र मजदुरको राज्य व्यवस्था स्थापना गर्नु रहेको बताउनुभयो ।

उहाँले मजदुर र किसानको राज्य व्यवस्था समाजवादी क्रान्तिबाट मात्र सम्भव भएकोले नेमकिपाले यस व्यवस्थाको लागि मजदुर र किसानलाई राजनीतिकरूपले सचेत र सङ्गठित पार्दै अघि बढेको बताउनुभयो ।

नेमकिपा कैलाली संयोजक रमेशकुमार रावलले अहिलेको सरकार पनि हिजोको सरकारजस्तै पुँजीवादी भएको बताउनुभयो ।

नेपाल क्रान्तिकारी महिला सङ्घका केन्द्रीय सहसचिव तथा कैलाली अध्यक्ष लक्ष्मी पुन मगरले जेनी मार्क्सले मजदुरहरूको निम्ति गर्नुभएको त्याग र मजदुर आन्दोलनमा महिलाहरूको भूमिकाबारे चर्चा गर्नुभयो ।

कार्यक्रममा गगनबहादुर थापा मगर, ज्योति बडुवाल, प्रेम सिजापति र सीताराम पण्डितलगायतले श्रमिक दिवसको अवसरमा शुभकामना दिनुभएको थियो ।

# विश्व प्रसिद्ध मजदुर आन्दोलन तथा समाजवाद र सान्दर्भिक विषयवस्तुबारे अन्तरक्रिया

बाँके, १८ वैशाख । नेपाल मजदुर किसान पार्टी बाँकेले शुक्रबार कोहलपुरमा १३७ औं अन्तर्राष्ट्रिय श्रमिक दिवसको अवसरमा नेमकिपाका अध्यक्ष रोहितद्वारा लिखित विश्व प्रसिद्ध मजदुर आन्दोलन तथा समाजवाद र सान्दर्भिक विषयवस्तुबारे अन्तरक्रिया कार्यक्रम गऱ्यो ।

कार्यक्रममा नेमकिपा लुम्बिनी प्रदेश संयोजक हरिसुन्दर वासीले ८ घण्टा काम र ज्याला बढाउन सफल मजदुर आन्दोलनको स्मरणमा अन्तर्राष्ट्रिय श्रमिक दिवस मनाउन थालेको बताउनुभयो ।

मे दिवसबाट मजदुर आन्दोलनमा प्रतिक्रियादीहरूको घुसपैठ हुनसक्नेतर्फ




शिक्षा लिनुपर्ने उल्लेख गर्दै संयोजक वासीले सचेत र सङ्गठित मजदुर किसानहरूको आन्दोलनले मात्र जनताको समस्या समाधान गर्नसक्छ भन्नुभयो ।

सुकुमवासीलाई लालपुर्जाको झूटा आश्वासन दिने एमाले, काङ्ग्रेस र माओवादीको कारण देशभर सुकुमवासी समस्या जकडिएको बताउँदै उहाँले शासक दलहरूबाट क्षतिपूर्ति दिलाउनुपर्छ भन्नुभयो ।

नेमकिपा लुम्बिनी प्रदेश समितिका सदस्य नवीनकुमार शाहीले कामदारवर्गको शासन व्यवस्था स्थापना गर्न नेमकिपाले सङ्घर्ष गरिरहेको बताउँदै नेमकिपाले कार्यकर्ताहरूको शिर निहुराउनुपर्ने कुनै काम गरेको छैन भन्नुभयो ।

नेमकिपा लुम्बिनी प्रदेश समितिका सदस्य नारायणी चौधरीले आफ्नो रोजीरोटीको निम्ति मजदुरहरूले आन्दोलन गर्दा प्रतिक्रियावादीहरूले मजदुरहरू सङ्गठित हुन नपाउने नियम


***बाँकी पृष्ठ ८ मा***



**व्यङ्ग्यचित्र कुनो**



# शुक्रबार सम्पन्न १३७ औं अन्तर्राष्ट्रिय श्रमिक दिवसका केही झलक




















तस्बिर : बालकृष्ण बनमाला/मजदुर दैनिक

## सुकुमबासीका लागि रङ्गशालामा स्वास्थ्य शिविर

काठमाडौँ, १८ वैशाख । वाग्मती र त्यसका सहायक नदी किनारबाट हटाइएका सुकुमबासीका लागि सरकारले त्रिपुरेश्वरस्थित दशरथ रङ्गशालामा स्वास्थ्य शिविरमार्फत बहुआयामिक स्वास्थ्य सेवा उपलब्ध गराइरहेको जनाएको छ ।

स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालयका सचिव डा. विकास देवकोटाले सकेसम्म धेरै नागरिकलाई समेटेर स्वास्थ्य उपचार सेवा प्रदान गर्ने प्रयास भइरहेको बताउनुभयो । उहाँका अनुसार शिविरमा बालरोग, स्त्रीरोग, दन्त उपचार तथा मनोसामाजिक परामर्श सेवा सञ्चालन गरिएको छ ।

रङ्गशालामा आफनो विवरण टिपाउन आउनेहरूले त्यहाँ सञ्चालित स्वास्थ्य सहायता एवं उपचार कक्षमार्फत स्वास्थ्य सेवा उपलब्ध गराइरहेको हो ।

"शुक्रबार साँझ बजेसम्म ६८ जनाले सेवा लिनुभएको छ । सम्भव भएसम्म यही उपचार गरेका छौँ, थप उपचार आवश्यक भए सरकारी अस्पतालमा सिफारिस गर्दै आएका छौँ," सचिव डा. देवकोटाले भन्नुभयो । उहाँका अनुसार कीर्तिपुरमा सञ्चालित अर्को शिविरमा आँखा र दाँतसम्बन्धी सेवा लिनहरूको सङ्ख्या उल्लेख्य छ ।

दशरथ रङ्गशालास्थित शुक्रराज ट्रपिकल तथा सरुवा रोग अस्पतालको नेतृत्वमा बहिरङ्ग (ओपीडी) सेवा सञ्चालन भइरहेको छ । अस्पतालका निर्देशकसहित पाँच जना स्वास्थ्यकर्मीको टोली खटिनु भएको छ ।

यस्तै, परोपकार प्रसुति तथा स्त्रीरोग अस्पतालबाट एक चिकित्सक र एक नर्स, पाटन मानसिक अस्पतालबाट चिकित्सक र नर्स गरी चार जना तथा कान्ति बाल अस्पतालबाट बालरोग विशेषज्ञसहित नर्स खटिनुभएको छ ।

पाटन मानसिक अस्पतालका डा. वासुदेव कार्कीले मनोसामाजिक परामर्श लिन आउनेलाई परामर्शसँगै आवश्यक औषधि उपलब्ध गराउने काम भइरहेको जानकारी दिनुभयो ।

कान्ति बाल अस्पतालका डा. जगरनाथ साहले बालबालिकासम्बन्धी स्वास्थ्य समस्याको उपचारका लागि आफूहरूसँगै नर्स टोली परिचालित रहेको जानकारी दिनुभयो ।

स्वास्थ्य मन्त्रालयका अनुसार औषधि तथा आवश्यक स्वास्थ्य सामग्री औषधि व्यवस्थापन महाशाखा र स्वास्थ्य सेवा विभागसँग लोजिस्टिक समन्वय भइरहेको छ । कीर्तिपुर क्षेत्रमा वीर अस्पतालले नेतृत्व लिएर सेवा सञ्चालन गरिरहेको छ ।

"शुक्रबार पहिलो दिन भएकाले प्रत्येक सेवामा एक चिकित्सक र एक नर्स राखिएको छ । काठमाडौँ महानगरपालिका, विभाग र मन्त्रालयका स्वास्थ्यकर्मी पनि परिचालित हुनुहुन्छ । जनशक्तिको कमी छैन," सचिव देवकोटाले भन्नुभयो, "शुक्रबारको अनुभवका आधारमा भोलिबाट थप व्यवस्थापन कसरी प्रभावकारी बनाउने भन्नेबारे काम गर्छौं ।"

उहाँले विस्थापित नागरिकलाई बसोबास गुमाउँदा मनोसामाजिक तनाव हुन सक्ने, केहीमा पुराना रोग वा सङ्क्रमण देखिन सक्ने भएकाले प्रारम्भिक पहिचान र उपचारका लागि स्वास्थ्य शिविर महत्त्वपूर्ण भएको बताउनुभयो । ***(रासस)***

## नदी किनारका जोखिमपूर्ण बस्ती हटाइँदै

काठमाडौँ, १८ वैशाख । नेपाल सरकारले वाग्मती र त्यसका सहायक नदी किनारका जोखिमपूर्ण बस्ती हटाउने अभियानअन्तर्गत शुक्रबार बल्खु र वंशीघाट क्षेत्रमा विशेष कार्य अगाडि बढाएको छ ।

सम्बन्धित निकायहरूको आपसी समन्वयमा जिल्ला प्रशासन कार्यालय, काठमाडौँले यस कार्यलाई अघि बढाएको प्रधानमन्त्रीको सचिवालयले जनाएको छ ।

यस अभियानमा शुक्रबार कूल ६८६ वटा संरचना हटाउने लक्ष्य राखिएको छ । जसअनुसार बल्खु क्षेत्रका ४८६ टहरा र वंशीघाट क्षेत्रका २०० वटा संरचनाहरूमा डोजर प्रयोग गरी खाली गराउन सुरु गरिएको छ ।

बर्खायाममा आउने बाढी र डुबानबाट हुनसक्ने ठुलो मानवीय र भौतिक क्षतिलाई रोक्दै नागरिकको जीउधनको रक्षा गर्न सरकारले यो कदमलाई उच्च प्राथमिकतामा राखेको जनाएको छ ।

## चीन–नेपाल सुरक्षा सहकार्यमा जोड

काठमाडौँ, १८ वैशाख । नेपालका लागि चीनका राजदूत चाङ माओमिङले चीन-नेपाल सुरक्षा सहकार्यमा जोड दिँदै त्यसलाई अझ सुदृढ बनाउन हरसम्भव प्रयत्न गर्ने प्रतिबद्धता व्यक्त गर्नुभएको छ ।

महाराजगञ्जस्थित राष्ट्रिय प्रहरी प्रशिक्षण प्रतिष्ठानमा बिहीबार आयोजित प्रहरी नेतृत्व तथा कर्मचारी पाठ्यक्रम (पिएलएससी) प्रथम समूहका सहभागीहरूसँगको छलफलमा चिनियाँ राजदूतले द्विपक्षीय सुरक्षा सहकार्यलाई सुदृढ बनाउन सक्दो प्रयत्न गर्ने प्रतिबद्धता व्यक्त गर्नुभएको हो ।

यहाँस्थित चिनियाँ राजदूतावासका अनुसार त्यस अवसरमा उहाँले नेपाल प्रहरीका भावी नेतृत्वसँग विविध समसामयिक विषयमा विचार आदानप्रदान भएको थियो । त्यसैगरी, नेपाल-चीन सम्बन्ध, समकालीन विश्व तथा क्षेत्रीय सुरक्षा चुनौतीलगायतका विषयमा छलफल भएको थियो ।

साथै सहभागीहरूले दुवै देशबिचको सम्बन्धको वर्तमान अवस्था, आपसी सहकार्य र भविष्यका सम्भावनाबारे धारणा राखेका थिए ।

राजदूत चाङले नेपाल र चीनबिचको द्विपक्षीय सम्बन्ध निरन्तर सुदृढ हुँदै गएको उल्लेख गर्दै कानुन कार्यान्वयन तथा सुरक्षा सहकार्य आगामी दिनमा अझ उच्च तहमा पुग्ने विश्वास व्यक्त गर्नुभयो । द्विदेशीय सहकार्यले दुवै देशबिचको आपसी विश्वास अभिवृद्धि गर्नुका साथै क्षेत्रीय स्थायित्वमा समेत महत्त्वपूर्ण योगदान पुग्ने अपेक्षा गरिएको छ । ***(रासस)***

## कृषिमन्त्री चौधरीद्वारा प्रमुख बालीको न्यूनतम समर्थन मूल्य निर्देशिका जारी

काठमाडौँ, १८ वैशाख । कृषि तथा पशुपन्छी विकासमन्त्री गीता चौधरीले न्यूनतम समर्थन मूल्य र न्यूनतम खरिद मूल्य निर्धारणसम्बन्धी निर्देशिका, २०८२ जारी गर्नुभएको छ । उक्त निर्देशिकाअनुसार किसानले अब बाली रोप्नु अगावै नै प्रमुख बालीहरूको न्यूनतम समर्थन मूल्य (एमएसपी) बारे जानकारी पाउने भएका छन् ।

कृषि मन्त्रालयले नयाँ निर्देशिका कार्यान्वयनमा ल्याउँदै बाली लगाउनुअघि नै धान (बर्खे र चैते), मकै, गहुँ र कोदोलगायत बालीको न्यूनतम समर्थन मूल्य तोक्ने व्यवस्था गरेको हो । उखुको हकमा भदौ ३० गतेसम्म 'फिल्ड' सर्वेक्षण तथा तथ्याङ्क सङ्कलन गरिनेछ भने असोज १५ गतेसम्म विश्लेषण प्रतिवेदन तयार हुनेछ । त्यसपछि कार्तिक १० गते प्राविधिक समितिबाट सिफारिस भई कार्तिक ३० गतेसम्म अन्तिम सिफारिस पेस गरिने मन्त्रालयले जनाएको छ ।

त्यस्तै, गहुँका लागि साउन ३० गतेसम्म सर्वेक्षण, भदौ १५ गतेसम्म प्रतिवेदन, असोज ९ गते प्राविधिक सिफारिस र असोज ३० गते अन्तिम सिफारिस गर्ने कार्यतालिका छ । चैते धान, वर्षे धान, वर्षे मकै र कोदोका लागि पनि क्रमश: मङ्सिरदेखि वैशाखसम्म विभिन्न चरणमा अध्ययन, विश्लेषण र सिफारिस प्रक्रिया सम्पन्न गरिने व्यवस्था गरिएको छ ।

सरकारले बाली रोपाइँ अघि नै न्यूनतम समर्थन मूल्य निर्धारण गर्ने उद्देश्यसहित यस्तो कार्यतालिकासहितको निर्देशिका ल्याएको जनाएको छ । यस व्यवस्थाले किसानलाई बाली छनोट गर्न सहज हुने, उत्पादन योजना बनाउन सहयोग पुग्ने तथा बजार जोखिम घट्ने अपेक्षा गरिएको मन्त्री चौधरीले बताउनुभएको छ । साथै, किसानले उचित मूल्यको सुनिश्चितता पाउने भएकाले कृषि क्षेत्रमा लगानी र उत्पादन वृद्धि हुने मन्त्रीको विश्वास छ ।

मन्त्री चौधरीले प्रमुख बालीहरू धान, मकै, गहुँ र कोदोको न्यूनतम समर्थन मूल्य तथा उखु बालीको न्यूनतम खरिद मूल्य निर्धारणसम्बन्धी निर्देशिका, २०८२ ल्याउनुभएको हो । कृषि उपजको उत्पादन थलो मूल्यमा हुने उतारचढावमा स्थिरता, मूल्य जोखिम न्यूनीकरण एवं किसानलाई न्यूनतम नाफा सूनिश्चिततामार्फत किसानलाई कृषि पेसामा आकर्षित गर्न उत्पादनको न्यूनतम समर्थन मूल्य र न्यूनतम खरिद मूल्य निर्धारण गर्न वाञ्छनीय भएको मन्त्रीले बताउनुभएको छ । खाद्य अधिकार तथा खाद्य सम्प्रभुतासम्बन्धी ऐन, २०७५ को दफा ४७ को उपदफा (१) ले दिएको अधिकार प्रयोग गरी नेपाल सरकार, कृषि मन्त्रालयबाट यो निर्देशिका जारी गरिएको जनाइएको छ । ***(रासस)***

## सङ्क्षिप्त समाचार

### २५७० औँ बुद्धजयन्ती मनाइयो

मकवानपुर, १८ वैशाख । पच्चीस सय सत्तरीऔँ बुद्धजयन्तीको उपलक्ष्यमा हेटौँडा उपमहानगरपालिका–३, ४, ५, ९, १०, १२, १३ र १९ स्थित बौद्ध विहारमा शुक्रबार धार्मिक भक्तजनहरूले रचनात्मक काम गरेका छन् ।

यसैगरी भक्तजनहरूले शुक्रबार हेटौँडामा छुट्टाछुट्टै शोभा यात्रासमेत आयोजन गरेका छन् । भक्तजन सांस्कृतिक झाँकी, बाजागाजासहित बुद्धको तस्बिर साथमा लिएर पैदल र्‍यालीमा सहभागी भएका थिए । स्थानीय पदमपोखरी, कमलडाँडा, पशुपतिनगर, राप्तीरोड, मनकामना चोक, रातोमाटे र हर्नामाडी बुद्ध विहारमा पुगेर उनीहरूले धर्मदेशना गरेका थिए ।

बुद्ध जयन्तीको उपलक्ष्यमा मकवानपुरको थाहा नगरपालिका तथा आठ गाउँपालिकाको विभिन्न स्थानमा रहेका बौद्ध विहारमा भक्तजनले उपवास बसेर शुक्रबार बौद्ध परम्पराअनुसार दीपावली गरे । *(रासस)*

### ट्राफिक कारबाहीबाट एकैदिन १९ लाख ९९ हजार राजस्व सङ्कलन

काठमाडौँ, १८ वैशाख । बितेका २४ घण्टामा दुई हजार ९३ सवारी चालक सवारी नियम उल्लङ्घनको कारबाहीमा परेका छन् । यसबाट राज्यकोषमा रु. १९ लाख ९९ हजार ५०२ राजस्व दाखिला भएको छ ।

काठमाडौँ उपत्यका ट्राफिक प्रहरी कार्यालयका अनुसार मादक पदार्थ सेवन गरेको ६५, नियमविपरीत 'राइड सेयरिङ' गरेका २२५, ट्राफिक सङ्केत उल्लङ्घनकर्ता १३७ र तीव्र गतिमा सवारीसाधन हुइँक्याएका १५३ जनालाई कारबाही गरिएको हो ।

यसैगरी, 'लेन' अनुशासन पालना नगर्ने १९४, निषेधित क्षेत्रमा हर्न बजाउने ५८, सडक पेटीमा सवारीसँधन पार्किङ गर्ने १०९, निर्धारित स्थानमा यात्री चढाउने र ओराल्ने नियम उल्लङ्घनकर्ता ४१ र अन्य सवारी नियम पालना नगरेका एक हजार १२१ जनालाई कारबाही गरिएको हो । *(रासस)*

### ठगीको अभियोगमा सात जना पक्राउ

काठमाडौँ, १८ वैशाख । वैदेशिक रोजगारीमा आकर्षक तलबको प्रलोभनमा पारी विभिन्न देश पठाइदिन्छु भन्दै ठुलो रकम ठगी गरेको अभियोगमा सात जना पक्राउ परेका छन् ।

केन्द्रीय प्रहरी समाचारकक्षका अनुसार उनीहरूलाई जापान, कोरिया र अमेरिकामा आकर्षक तलब प्राप्त हुने रोजगारी मिलाइदिने भनेर ४५ जनाबाट रु. तीन करोड १४ लाख ठगेको अभियोगमा बिहीबार पक्राउ गरिएको हो ।

तेह्रथुमका सुरज लिम्बू, सोलुखुम्बुका कमलबहादुर मगर र सागर शेर्पा, काभ्रेपलाञ्चोकका विनोद थापा, सुर्यप्रसाद कोइराला, सरोज गौतम र प्रल्हाद खत्रीलाई पक्राउ गरिएको हो । अभियुक्त लिम्बू र मगरले जापानको प्रलोभनमा पारेर ११ जनाबाट रु. एक करोड दुई लाख उठाएका थिए ।

त्यसैगरी, थापाले कोरिया पठाइदिन्छु भन्दै २६ जना पीडितहरूबाट एक रु. करोड ५० लाख, शेर्पाले फ्रान्सको प्रलोभनमा पारेर पाँच जनाबाट रु. २८ लाख र गौतमले एक जनाबाट रु. २७ लाख असुलेका जनाइएको छ । *(रासस)*

### चैतेधान खेती प्रवर्द्धनार्थ किसानलाई अनुदान

तनहुँ, १८ वैशाख । कृषि विकास कार्यालयले चैतेधान उत्पादन प्रवर्द्धन कार्यक्रमअन्तर्गत किसानलाई ८५ प्रतिशतसम्म अनुदान प्रदान गरेको छ ।

किसानले चैतेधान लगाउन छाडेपछि यसको संरक्षणका लागि व्यावसायिक चैतेधान खेती प्रवर्द्धनमा जोड दिइएको उक्त कार्यालयका वरिष्ठ कृषि विकास अधिकृत पर्शुराम अधिकारीले राससलाई बताउनुभयो ।

उहाँले भन्नुभयो, "अनुदान पाएपछि किसानले उत्साहित भएर चैतेधान रोपेका छन् । चैतेधानको बीउसँगै सिँचाइको व्यवस्था नभएका स्थानमा कुलो खन्नसमेत अनुदान दिइएको छ ।"

यो वर्ष तीन हजार ८०० रोपनीमा चैतेधानखेती गरिएको छ । व्यास नगरपालिका र म्याग्दे गाउँपालिकामा व्यावसायिक रूपमा चैतेधान खेती भएको छ । *(रासस)*

### सीमा सुरक्षादेखि 'डिजिटल' रूपान्तरणमा सशस्त्र प्रहरी

काठमाडौँ, १८ वैशाख । मुलुकको शान्ति सुरक्षा, सीमा सुरक्षा, विपद् व्यवस्थापन, राजस्व चुहावट नियन्त्रणको मुख्य जिम्मेवारीमा रहेको सशस्त्र प्रहरी बल नेपालले पछिल्ला वर्षहरूमा नीतिगत, संस्थागत र संरचनागत क्षेत्रमा परिणाम देखिनेगरी फड्को मारेको छ । सशस्त्र प्रहरी बलका १२ औँ सङ्गठन प्रमुख सशस्त्र प्रहरी महानिरीक्षक राजु अर्यालको चारवर्षे कार्यकालमा नीतिगत सुधार, सीमा सुरक्षा व्यवस्थापन, आन्तरिक सुरक्षा, मानव स्रोत विकास र विपद् प्रतिकार्यका क्षेत्रमा असरदार नतिजा हासिल गरेको छ ।

सीमा सुरक्षाको प्रमुख जिम्मेवारी वहन गर्दै आएको सशस्त्र प्रहरीले सीमा सुरक्षा विभागको पुनर्स्थापना गरी सीमा क्षेत्रमा हुने आपराधिक गतिविधि, चोरी निकासी पैठारी र मानव बेचबिखनलगायतका कार्य नियन्त्रणमा अहोरात्र खटिइरहेको छ । यस अवधिमा तीन हजार ७५७ वटा सीमा स्तम्भहरूको निर्माण, मर्मतसम्भार तथा रङरोगन गरिएको छ । सीमा सुरक्षामा नागरिकहरूसँगको सहकार्यलाई आत्मसात् गर्दै 'सीमावासीसँग सशस्त्र प्रहरी कार्यक्रम' सञ्चालन गरिएको प्रवक्ता एवं सशस्त्र प्रहरी नायब महानिरीक्षक विष्णुप्रसाद भट्टले जानकारी दिनुभयो ।




**अन्तर्राष्ट्रिय श्रमिक दिवसमा पदयात्रा गरिँदै**
कञ्चनपुरको शुक्लाफाँटा नगरपालिका–१० झलारीमा १३७ औँ अन्तर्राष्ट्रिय श्रमिक दिवसको अवसरमा पदयात्रामा सहभागी हुँदै श्रमिक ।
*तस्बिर: राजेन्द्रप्रसाद पनेरू/रासस*

## शुक्रबारदेखि उपत्यकाका वाग्मती र सहायक नदी किनारका जोखिमयुक्त बस्ती स्थानान्तरण

काठमाडौँ, १८ वैशाख । सरकारले दोस्रो चरणअन्तर्गत शुक्रबारदेखि काठमाडौँ उपत्यकाका वाग्मती तथा सहायक नदी किनारमा रहेका जोखिमयुक्त बस्ती स्थानान्तरण गर्ने भएको छ ।

पहिलो चरणमा थापाथली, सिनामङ्गल–गैरीगाउँ, शान्तिनगर र मनोहरा क्षेत्रका बस्ती स्थानान्तरण गरिसकिएकाले शुक्रबारदेखि दोस्रो चरणको काम अघि बढाइने सहरी विकासमन्त्री सुनिल लम्सालले जानकारी दिनुभयो ।

उक्त प्रक्रियालाई व्यवस्थित बनाउन बिहीबार सहरी मन्त्रालयमा विभिन्न सरकारी निकायको संयुक्त बैठक बसेको थियो । सो बैठकले बस्ती स्थानान्तरणको आवश्यक तयारी पूरा भएको निष्कर्ष निकालेको थियो ।

मन्त्रालयका अनुसार जोखिमयुक्त बस्ती स्थान्तरणलाई सहज बनाउन त्यस्ता क्षेत्रमा बसोबास गर्ने नागरिकलाई बसमार्फत प्राथमिक दर्ता केन्द्रका रूपमा दशरथ रङ्गशाला पुर्‍याइनेछ । रङ्गशालामा तीनवटा सहायता कक्ष सञ्चालन गरिनेछन् । पहिलो कक्षमा सूचना तथा तथ्याङ्क सङ्कलन, दोस्रोमा सुकुम्वासी पहिचानका लागि स्वघोषणा फारम भर्ने तथा आवश्यक सामाजिक विवरण र तेस्रो कक्षमा गृह मन्त्रालयको टोलीद्वारा डिजिटल तथ्याङ्क सङ्कलन गरिनेछ ।

त्यसैगरी, होल्डिङ सेन्टरमा लैजान नसकिने सरसामानजस्तै दराज, टेबुल, खाटको भण्डारण तथा सुरक्षाका लागि सुरक्षा निकायले सहयोग गर्नेछन् । आश्रयस्थल नभएका वा स्वयं व्यवस्थापन गर्न नसक्ने परिवारलाई होल्डिङ सेन्टरसम्म पुर्‍याउन पनि बसको व्यवस्था गरिएको छ ।

मन्त्रालयले तत्काल स्वास्थ्य सेवा, मानवीय सहायता तथा मनोपरामर्श सेवाको व्यवस्थासमेत गरेको छ । यी सेवा प्राथमिक दर्ता केन्द्र र होल्डिङ सेन्टर दुवै स्थानमा उपलब्ध हुनेछन् ।

सङ्कलित विवरणका आधारमा सुकुम्वासीको पहिचान तथा प्रमाणीकरण गरिनेछ । पहिचान हुन नसकेका व्यक्तिहरूलाई भने होल्डिङ सेन्टरबाट फिर्ता पठाइनेछ । पहिचान भएका परिवारलाई निश्चित अवधिसम्म आवश्यक सहयोग प्रदान गरिने र पुन:स्थापनाका लागि थप प्रक्रिया अघि बढाइने छ ।

विगतमा नदी किनार अतिक्रमण गरी भाडा वा व्यापार सञ्चालन गरेका तथा गैरकानुनी गतिविधिमा संलग्न व्यक्तिहरूको छानबिन गरिने र दोषी ठहरिए कानुनी कारबाही गरिने मन्त्रालयले जनाएको छ ।

जिल्ला प्रशासन कार्यालय काठमाडौँले बुधबार एक सूचना जारी गर्दै जिल्लाका विभिन्न स्थानीय तहका नदी किनाराका बस्ती एवं सरकारी, पर्ति, सार्वजनिक वा व्यक्तिको निजी स्वामित्वका जग्गा अतिक्रमण गरी निर्माण गरिएका घरटहरा शुक्रबार साँझसम्म खाली गर्न आग्रह गरेको थियो ।

विपद्को उच्च जोखिममा रहेका ती बस्तीहरू वैशाख १८ गते बिहान ७:०० बजेदेखि खाली गर्ने कार्य सुरु हुने सहायक प्रमुख जिल्ला अधिकारी मुक्तिराम रिजालले राससलाई जानकारी दिनुभयो । *(रासस)*

## सडक डिभिजन जुम्लाको चालू आवको नौ महिनामा पुँजीगत खर्च मात्र २६ प्रतिशत

जुम्ला, १८ वैशाख । सडक डिभिजन कार्यालय जुम्लाले चालु आर्थिक वर्ष २०८२/८३ को नौ महिनामा पुँजीगत खर्च २६ प्रतिशतमात्र भएको छ । चालु आवका लागि सङ्घीय सरकारबाट रु. ७४ करोड ३६ लाख १९ हजार बजेट विनियोजितमध्ये साउनदेखि चैतसम्म कार्यालयको हालसम्म पुँजीगत खर्च २६ प्रतिशतमात्र भएको सडक डिभिजन कार्यालय जुम्लाका नि. प्रमुख श्रवणकुमार महताराले जानकारी दिनुभयो ।

यो आवमा सडकका २२ वटा योजना बोलपत्र भई कार्यान्यवन गर्नेका लागि सम्झौता भई अहिले काम धमाधम भइरहेका छन् । कार्यालयको जुम्लालगायत कालिकोट र मुगु जिल्लामा कार्यक्षेत्र रहेको छ । रारा ताल जाने नाग्म–गमगढी सडकको कालोपत्र गर्ने यहाँको नाग्मदेखि हिमा गाउँपालिकाको देवारगाउँसम्मको करिब १५ किलोमिटर सडकको कालोपत्र गर्न ठेक्का आह्वान गरिएको कार्यालय प्रमुख महताराले जानकारी दिनुभयो ।

पन्ध किलोमिटर खण्डमा उच्चस्तरीय कालोपत्रका लागि अस्फाल्ट कङ्क्रिट प्रविधि प्रयोग हुने भएको छ । नाग्म–गमगढी राजमार्गका लागि बहुवर्षीय बजेटसमेत स्वीकृत भइसकेकाले दीर्घकालीन रूपमा निर्माणकार्यले निरन्तरता पाउने अपेक्षा गरिएको छ । चार वर्षअगाडि सो सडकको यहाँको कनकासुन्दरी गाउँपालिका क्षेत्रमा करिब छ किलोमिटरमात्र सडक कालोपत्र भएको कार्यालय प्रमुख महताराले बताउनुभयो ।

पेट्रोलियम पदार्थको निरन्तर मूल्यवृद्धिले सडकका विकास निर्माणका काम प्रभावित हुने देखिन्छ । पेट्रोल, डिजेल र मट्टितेलको मूल्य बढेसँगै चालु अवस्थामा करिब पाँचवटा सडकका आयोजना प्रभावित हुने अनुमान गरिएको छ ।

पेट्रोलियम पदार्थको मूल्यवृद्धिका कारण सडक कालोपत्र गर्न आवश्यक निर्माण सामग्री नपाएको गुनासो निर्माण व्यवसायीबाट आउने गरेको सडक डिभिजन कार्यालयका प्रमुख महताराको भनाइ छ । निरन्तर बढ्दै गएको कच्चा तेलको मूल्यमा अन्तर्राष्ट्रिय बजारमा गिरावट आएसँगै यसको प्रत्यक्ष असर नेपालमा पनि परेको छ । *(रासस)*

## लाग्यो उँभौली, भेडाबाख्रा धपाउँदै लेक चढे गोठालाहरू

**– प्रतीक्षा आले**

गोरखा, १८ वैशाख । उँभौली पर्व सुरु भएसँगै छ महिनाअघि बेशी झरेका गोठाला भेँडाबाख्रा धपाउँदै लेकतिर उक्लेका छन् । चुमनुब्री गाउँपालिका–३ पाङसिङका गोठालाहरू हजारौँ भेँडाबाख्रा धपाउँदै लेकतिर लागेको जगतका लक्ष्मण कार्कीले बताउनुभयो ।

चुमनुब्री–३ पाङसिङ गोरखाकै सबैभन्दा धेरै भेँडापालन गर्ने गाउँ हो । हिउँद लाग्न थालेपछि लेकबाट खोर्ला, सिर्दुला, लाप्राक, बारपाक, दूधपोखरी हुँदै लम्जुङतिर लगिएका र आर्खेत, आरुघाट, माम्बु हुँदै धादिङसम्म पुऱ्याइएका भेँडाबाख्रालाई अहिले फर्काएर लेकतर्फ लैजान थालिएको उहाँले बताउनुभयो ।

उहाँ भन्नुहुन्छ, "दैनिक तीन/चारसय जति भेँडाबाख्रा लेकतिर लागेका छन्, शनिबार मात्रै पनि करिब चारसय भेँडाबाख्रा उकालो लागेका छन् ।"

पाङसिङ, सिर्दिबास, न्याकफेदी, घट्टेखोला, नाम्चेतलगायत क्षेत्रका करिब ७० घरधुरी किसानले भेँडाबाख्रा पालन गरेका चुमनुब्री–३ का अध्यक्ष रामकुमार गुरुङको भनाइ छ । "भेँडाबाख्रा बेशीबाट गाउँमा ल्याउन थालेको केही दिन भयो । विस्तारै पाङसिङबाटमाथि उकाल्न सुरु हुन्छ", उहाँले भन्नुभयो, "अहिले लेक लगेपछि एकैचोटि कार्तिक, मङ्सिरमा तल झार्छ ।"

लेकबाट बेशी झार्ने र बेशीबाट लेक लैजाने गोठालाहरूको मौलिक परम्परा छ । "लेकको गोठबाट बेशी साइत हेरेर झार्ने गर्छन् । लेकको गोठबाट पनि एकै दिनमा बेशी झार्दैनन् । हावापानीसँग घुलमिल गराउँदै एक महिना लगाएर गाउँसम्म ल्याइ पुऱ्याउँछन्", पाङसिङका विकास गुरुङले भन्नुभयो, "बेशीबाट लेक लैजान पनि धेरै समय लगाउँछन् । अनि गाउँमा झारिसकेपछि यहाँबाट अन्यत्र लैजानचाहिँ विधिपूर्वक पूजाशुक्रबारा गरी साइत गर्ने चलन छ ।" जेठ दोस्रो सातासम्ममा भेँडाबाख्रा लेकको गोठमा पुऱ्याइन्छ ।

भेँडाबाख्रा पालन गर्ने किसान धेरै भएकाले चुमनुब्री गाउँपालिका–३ मा गोठालालाई प्रोत्साहन कार्यक्रम लागू गरिएको छ । "गोठालाहरूलाई प्रोत्साहन गर्न बाटो मर्मत, खानेपानीको व्यवस्था, त्रिपाल, सोलार बत्ती, गमबुट, स्लिपिङ ब्याग वितरण गर्ने गरेका छौँ", वडाअध्यक्ष गुरुङ भन्नुभयो, "गाउँपालिकाको ८० प्रतिशत र गोठाला स्वयम्को २० प्रतिशत लागत साझेदारीमा यस्तो कार्यक्रम बर्सेनि गर्ने गर्छौं ।"

गोठालाहरूलाई प्रोत्साहनस्वरूप चुमनुब्री गाउँपालिकाले यस वर्ष घुम्ती गोठ सामग्री वितरण कार्यक्रम सञ्चालन गरेको पालिकाको प्रमुख प्रशासकीय अधिकृत मनोज लामिछानेले बताउनुभयो । कार्यक्रममा नौ वटा पशु फार्मका करिब १५० जना आबद्ध रहेको उहाँले जानकारी दिनुभयो । *(रासस)*

। सम्पादकीय ।

# गतिलो सरकारले मात्र व्यापक जनताको सेवा गर्ने

सत्ताकेन्द्रित राजनीतिले श्रमजीवी र उत्पीडितवर्गको पक्षमा सेवा गर्दैन । समानता र न्यायसहितको राज्य व्यवस्था निर्माण गर्नेतर्फ सरकारको ध्यान नपुगेकै कारण विगतका सरकार र सत्तासीन दलका नेताहरू जनतामाझ अविश्वासको पात्र बनेका हुन् । श्रमजीवी जनताको मुक्तिको निम्ति राजनीति नगर्दा, ऐन-कानुन नबनाउँदा जनतामा असन्तोष बढेको हो; वितृष्णा बढेको हो । त्यही असन्तोषै असन्तोषकै कारण सङ्घर्ष भयो र देशकै सबभन्दा शक्तिशाली सरकार ढल्यो । यसको सट्टा नयाँ सरकार बन्यो । नयाँ प्रधानमन्त्री बने । नयाँ सरकारको नयाँ प्रधानमन्त्री बने पनि सारभूतरूपमा यो सरकारले गर्ने काम पुँजीपतिवर्गकै हितमा हो । यसकारण, श्रमजीवी जनताको मुक्तिको निम्ति अहिले पनि सङ्घर्ष आवश्यक छ ।

पुँजीवादी व्यवस्थाका सञ्चालक या पुँजीपतिवर्गको प्रतिनिधित्व गर्ने सरकारले श्रमजीवी र उत्पीडितवर्गको पक्षमा राजनीति गर्दैन; ऐन कानुन बनाउँदैन । यसले थाहा हुन्छ, यो सरकार पनि श्रमजीवी वर्गको न्याय र समानताको पक्षमा अघि बढ्दैन । यसरी राज्य बहुमत जनताको पक्षमा लागेन भने जतिसुकै बहुमत प्राप्त सरकार पनि ढिलो चाँडो पतन हुन बेर लाग्दैन । इतिहासले दिएको शिक्षा यही हो । केही सुधारात्मक पाइला चालेर अघि बढेको नयाँ सरकारले पनि श्रमजीवीवर्गको पक्षमा काम गर्न चासो राखेको छैन । जनताको राजनीतिमा नलागेका, राजनीतिप्रति चासो नराखेका तर राष्ट्रिय अन्तर्राष्ट्रिय गैरसरकारी संस्थामा सक्रिय युवाहरूको नेतृत्वमा रहेको सरकारले साँच्चै व्यापक जनताको हितमा काम गर्ला ? नाचेर, गाएर, खेलेर, रमाएर जीवन बिताउँदै आएका युवाहरू जनताको समस्या बुझेर के अघि बढ्लान् ?

देशको रक्षा गर्न र बनाउन पसिना बगाउनेहरू श्रमिक हुन् । आज उनीहरूको जीवन सुनिश्चित छैन । उनीहरूको जीवन कष्टकर छ । उनीहरूमाथि नै विभेद हुन्छ, शोषण हुन्छ । उनीहरूकै मतबाट निर्वाचित सरकारले उनीहरूमाथि नै हेलाहोचो हुन्छ, अपमान हुन्छ । जसको साथ र सहयोगले सत्तासीन हुन पुगे उनीहरू नै श्रमजीवीहरूको अहितमा दलगत र व्यक्तिगत स्वार्थमा लागे । जनताको निम्ति कुन दल ठुलो र सानोको होइन । सरकार गतिलो छ कि छैन भन्ने हो; व्यापक जनताको सेवा गर्छ कि गर्दैन भन्ने हो । केही सेवा सुविधा दिएर कसैलाई खुसी बनाउने नाउँमा दशको शैक्षिक स्थिति ध्वस्त पार्ने, मान्छेको मति बिगार्ने काम सरकारले गर्नुहुँदैन । देशको विकास गर्न सरकारले आयस्रोत बढाउने काम गर्नुपर्छ । आयस्रोत बढाउन या अर्थतन्त्र मजबुत बनाउन प्रगतिशील कर लगाउनुपर्छ । लिन बाँकी करहरू उठाउनुपर्छ ।

देशमा अमेरिकी चलखेल बढिरहेको छ । अमेरिकी दूतहरू आउने क्रम चालू छ । कहिले सेना त कहिले विशेष दूतहरूको आगमन यहाँ केको निम्ति भन्ने प्रश्न पनि तेर्सिएको छ । सरकारले एमसीसी सम्झौता र एसपीपीबारे बोलेको छैन । कुन विदेशी शक्ति राष्ट्रले नेपालमा कहाँ कहिले फसाउने हो ? थाहा हुँदैन । आर्थिक सहयोग र विकासको लोभ देखाएर देश र जनतालाई दूरगामी असर पर्ने खालको अर्को सन्धि सम्झौता गराउन विदेशी शक्ति राष्ट्रहरू विशेष गरी भारत र अमेरिका लागिपरेकोमा शङ्का छैन । यसबारे सरकार जहिल्यै चनाखो हुनुपर्छ । देशका सामन्त, प्रतिक्रियावादी, जालीफटाहा, शोषक र पुँजीवादीहरू जनताको काँधमा चढेर शासनमात्र गर्दैनन्; रजाइँ गर्छन्; उनीहरूकै श्रम र शोषण गर्छन् । यसकारण, सरकारले केही सुधारात्मक कार्य गरेको देखाएर, स-साना लोभलाग्दा काम गरेर श्रमजीवी वर्गमाथि सधैँ शासन गरिरहेको हुन्छ । यो क्रम चालू रहने कुरा व्यापक जनताले बुझ्नु जरूरी छ । नत्र देशमा जहिल्यै अल्पमतले बहुमतमाथि शासन गरिरहने छ ।

# जर्मनीमा मजदुर आन्दोलन - ३

✍ का. रोहित

भियनाको असफलताले प्रसियाली प्रतिक्रियावादीहरूलाई बल दियो । २ नोभेम्बर १८४८ को दिन राजा फेडरिक विलहेम चौथोले साह्रै प्रतिक्रियावादी जनरल ब्राडेनवर्ग (General Brandenburg) लाई नयाँ सरकार बनाउन बोलाए । ९ नोभेम्बरको दिन राष्ट्रिय सभालाई राजाको आज्ञाले बर्लिनबाट प्रान्तीय नगर ब्राडेनवर्गमा सार्ने आदेश दियो । यो प्रतिक्रान्तिकारी स्थितिको सङ्केत थियो । त्यसैबेला मार्क्सले राष्ट्रियसभालाई क्रान्तिकारी पाइलो लिन माग गर्नुभयो । राष्ट्रियसभाको आदेश नमान्ने सबै अफिसरहरूलाई निकाल्ने माग गर्नुभयो । तर, राष्ट्रियसभाले त्यसो गर्ने आँट गरेन बरु राष्ट्रियसभा बर्लिनमै बसी नरम विरोधसम्म जनाउने निधो गर्यो । त्यो तिनीहरू आफै बन्दी बन्न राजी हुनु हो । तर, मार्क्सले राष्ट्रिय सभाले जनता र प्रसियाली सेनालाई फ्रान्सेली जाकोविन क्रान्तिकारीहरूले जस्तै जनतालाई व्यापक सङ्घर्ष गर्न आह्वान गर्नुपर्छ भनेर सचेत पार्नुभयो । जनताले सोधे, ‘अब हामीले के गर्नुपर्छ ? मार्क्सले उत्तर दिनुभयो हामीले करहरू तिर्न अस्वीकार गर्नुपर्छ ।”



मार्क्सले प्रतिक्रान्तिकारीहरूको आर्थिक स्थिति चौपट पार्ने र जनतालाई सङ्घर्षमा ल्याउने विचार गर्नुभयो । त्यसले क्रान्तिको निम्ति राजनैतिक सेना बढ्ने थियो ।

११ नोभेम्बर १८४८ मा राष्ट्रियसभा भवनमा प्रतिनिधिहरूलाई जान दिएन । बैठक तारा हान्ने भवनमा गराइयो । बर्लिनको नागरिक सुरक्षा गार्डहरूलाई सशस्त्र गर्ने र बर्लिनलाई सेनाले घेर्ने आदेश दियो । मार्क्सले त्यसलाई अर्को ठुलो जनविरोधी पाइलो हो र गैरसंसदीय सङ्घर्षलाई अगाडि लैजानुपर्छ भन्नुभयो ।

प्रतिक्रान्तिकारीहरूको योजनालाई ध्वस्त पार्न मार्क्सले देशका सबै प्रगतिशील तत्त्वहरूलाई एक पार्न सर्वहारावर्ग र यसका कम्युनिस्ट अग्रदूतहरूले अगुवाइ गर्नुपर्छ भन्ने निधो गर्नुभयो । प्रजातान्त्रिक समाज र मजदुर लिगको अगुवाइमा कोलोन र त्यसको वरिपरिका इलाकाहरूमा जनताका सभाहरू हुन थाल्यो । ११ नोभेम्बरको दिन इजर भवनमा जनताको एक सभाले राजालाई बिन्तीपत्र नदेऊन् भनेर राष्ट्रियसभालाई आह्वान गर्यो । ११ नोभेम्बर इजर भवनको सभाले सेप्टेम्बर महिनामा लुटेको सबै हातहतियार फर्काऊ भनेर माग गर्यो । नगरपालिकाका सदस्यहरूले त्यसमा ध्यान नदिएकोले प्रजातान्त्रिक समाजले नागरिक गार्डलाई नि:शस्त्र पार्ने निर्णय लियो । कोलोन मजदुर लिगले ‘लडाकु दलहरू’ तयार गर्यो । ‘नयाँ राइन समाचार’ ले हतियार किन्न जनतासँग चन्दा दिन आह्वान गर्यो ।

१२ नोभेम्बरको दिउँसो ७ हजार जनताले त्यसमा हस्ताक्षर गरे । १२ नोभेम्बरकै दिन प्रजातान्त्रिक समाजले कोलोनका छाउनीका सिपाहीहरूलाई अत्याचारीहरूको ज्यावल नहुन इजर भवनमा बसेको सभाले आह्वान गर्यो । सभामा उपस्थित नहुने कडा आदेश हुँदाहुँदै पनि धेरै सिपाहीँहरू पनि सभामा हाजिर भए । सङ्घर्षमा किसानहरूलाई पनि सामेल गराउन मजदुर लिग र जनसमितिका प्रतिनिधिहरूलाई गाउँ गाउँमा पठाए । राइन र अरू सहरहरूमा पनि सङ्घर्ष सुरु भयो । मार्क्सले निर्देशन दिनुभयो (क) खास गरेर गाउँ गाउँमा कर तिर्न अस्वीकार गर (ख) बर्लिनमा स्वयंसेवक दलहरू पठाऊ (ग) बर्लिनका प्रजातान्त्रिक केन्द्रीय समितिलाई पैसा पठाऊ । ..... यो कुरो राइन र अरू प्रान्तहरूबाट पनि उठ्न थाल्यो ।

१३ नोभेम्बरको दिन त्यस सभाले २५ जवानको एक स्थायी समिति बनायो । त्यसमा प्रजातन्त्रवादी र कम्युनिस्टहरू थिए । त्यो पहिलेको कोलोनको सुरक्षा समितिको पुन: स्थापना थियो । त्यो समिति जनताले छानेको क्रान्तिकारी सङ्घर्षलाई अगाडि बढाउने केन्द्रीय सङ्गठन थियो ।

१७ नोभेम्बर बर्लिनमा राष्ट्रिय सभाले पनि सरकारलाई कर नतिर्न आह्वान गर्यो । राइन प्रान्तका सहरहरू सेक्सोनी, सिलेसिया र वेस्टफेलियामा पनि स्थानीय ढङ्गले आन्दोलन अगाडि बढ्यो । मार्क्सले वामपन्थी प्रतिनिधिहरूलाई कोलोनमा लगातार सम्बन्ध राख्न जोड दिनुभयो । मार्क्सले भन्नुभयो- ‘कर नतिर्नु ठुलो राजद्रोह हो । कर तिर्न अस्वीकार गर्नु नागरिकहरूको पहिलो कर्तव्य हो ।’

१८ नोभेम्बरको दिन मार्क्सले समितिका अरू साथीहरूसँग मिलेर तीन वटा नाराहरू दिए (१) जबरजस्ती कर उठाउँदा देशभरि सम्भव भएका साधनहरूबाट भिडन्त गर्ने (२) शत्रुलाई धपाउन जनताका स्वयम्सेवक दलहरू बनाउने (३) राष्ट्रियसभाको निर्णयलाई नमान्ने अधिकारीहरूसँग लड्न सुरक्षा समितिहरू बनाउने । यी नारा र गतिविधिहरू सशस्त्र विद्रोह र क्रान्तिका बीउ हुन् ।

मार्क्सले ‘नयाँ राइन समाचार’ मा ‘कर नतिर्न’ जनतालाई आह्वान गर्नुभयो । त्यसको भोलि १४ नोभेम्बरको दिन मार्क्सलाई अदालतले बोलायो । मार्क्सलाई गिरफ्तार गरिने भयो । न्यायालयको अगाडि जनताको भिड थियो । कोलोनका सरकारी वकिल डराएर न्याय मन्त्रालयलाई के सूचना दिए भने मार्क्सलाई समातेमा जनताले जबरजस्ती छुटाउने छन् । मार्क्स न्यायालयबाट बाहिर आउनुभयो । उत्साहित भएका सारा जनताले उहाँको स्वागत गरे । इजर भवनमा एक सभा भयो । मार्क्सले आफ्नो समर्थन गरेकोमा जनतालाई धन्यवाद दिनुभयो ।

१८ नोभेम्बरको दिन, मार्क्स र उहाँका साथीहरूलाई कारबाही गरेमा समस्या सुल्झन्छ भन्ने राय दियो । त्यसअनुसार २१ नोभेम्बरको दिन मार्क्स र साथीहरूलाई फेरि न्यायालयले बोलायो । मार्क्सले त्यसबेला सबै प्रजातन्त्रवादीहरूलाई सतर्क गराउनुभयो । त्यो उत्तेजना फैलाउने र सहरलाई घेर्ने नयाँ षड्यन्त्र हो । यसकारण, आफूमाथि जे परे पनि केही नगर्नु भन्नुभयो । तर, खुकुरीको शासनको अगाडि नझुक्न र जनताको सङ्घर्ष चलाउन भने तयारी गर्दै थिए । जनताका प्रतिनिधिहरूले सरकारी वकिललाई भेटे । मार्क्स कुनै पनि बेला गिरफ्तार हुने सम्भावनालाई तिनीहरूले बुझे ।

२२ नोभेम्बरदेखि मार्क्स झन् दृढ हुनुभयो । नयाँ राइन समाचारले ‘कर नतिर्नु’ भन्ने पर्चा र कपडाहरूमा लेख्ने विचारहरू दिए ।

२३ नोभेम्बरको दिन सङ्घर्षलाई अगाडि बढाउन कोलोनमा दोस्रो प्रजातान्त्रिक जिल्ला महासभा बस्यो । बैठकले मार्क्सको निर्देशनहरूलाई स्वीकार गर्यो । राइन प्रदेशमा प्रतिक्रान्तिको विरोधमा निर्णायक सङ्घर्ष गर्ने तयारी हुँदै थियो । मार्क्सले जनताको सङ्घर्षलाई बगरेले मार्न लागेको बोकासँग तुलना गर्नुभयो ।

५ डिसेम्बरको दिन प्रतिक्रान्तिकारी शाही गुटले दुईवटा घोषणा गर्यो । (१) राष्ट्रिय सभा भङ्ग गर्यो, (२) १८४९ फेब्रअरी महिनामा दोस्रो च्याम्बर नयाँ सभा बोलाइनेछ । त्यस प्रसियाली संविधानलाई कुनै सभाले स्वीकृति दिनुपर्नेछैन ।

त्यो प्रसियाको राजद्रोहको अन्तिम दृश्य थियो । मार्क्सले सोचे, ‘राष्ट्रियसभाले अब आफ्नो स्थानीय कमजोरी र कट्टरताको फल भोग्छ । यसले महिनौँसम्म विनाबाधाले जनताको विरोधमा षड्यन्त्र गर्न दियो, त्यसलाई बलियो र शक्तिशाली हुन दियो । यसकारण, अब आफू नै पहिलो सिकार भयो ।’

सबै प्रजातान्त्रिक तत्त्व र मजदुरवर्ग फेब्रअरीको चुनावको तयारीमा लागे । एङ्गेल्स पनि १९४९ जनवरीको मध्यमा कोलोन फर्कनुभयो । मार्क्स र एङ्गेल्सले चुनावको राजनैतिक महत्त्वलाई ध्यान दिनुभयो र सबै प्रजातान्त्रिक शक्तिलाई एकगठ गर्न लाग्नुभयो । त्यसबेला उदारवादी मुखपत्र ‘कोलोनिज जाइटुङ’ ले त्यस संविधानबाट वर्तमान समाज व्यवस्थालाई त्यसै राखेर पनि राजनैतिक र सामाजिक परिवर्तन हुनसक्छ भन्ने भ्रम जनतालाई दिन खोज्यो । तर मार्क्सले त्यस संविधानबाट राजा, दोस्रो चेम्बरका अधिकारीहरू, धनी, ठुला-बडा र कर्मचारीहरूलाई मात्रै ठीक हुन्छ भनेर खण्डन गर्नुभयो ।

बर्लिनको पुरानो वामपन्थीहरूको मुखपत्र ‘राष्ट्रिय समाचार’ ले सच्चा प्रजातान्त्रिक संवैधानिक व्यवस्थाको निम्ति शान्ति सुव्यवस्थाको माग गर्यो । मार्क्सले भन्नुभयो, “यी भलाद्मीहरूले चाहेको कुरो अर्को क्रान्तिले बाहेक पाउन सक्दैनन् र तिनीहरू क्रान्ति चाहँदैनन् ।” सबै प्रजातान्त्रिक तत्त्वको एकतामा मार्क्स जोड दिनुहुन्थ्यो । त्यस्तो एकता नचाहने केही स-साना पुँजीवादी विचारलाई मार्क्सले आलोचना गर्नुभयो ।

१५ जनवरीको दिन ५ फेब्रुअरी १९४९ मा दोस्रो च्याम्बरको निम्ति हुने चुनावबारे छलफल गर्न कोलोन मजदुर लिगको एक बैठक बस्यो । चुनावमा प्रजातन्त्रवादीहरू एक हुनुपर्छ भन्ने बारे मार्क्सले एक लामो भाषण दिनुभयो ।

चुनावमा मार्क्सको तरिका ठीक साबित भयो । तीन भागमध्ये दुई भाग प्रजातान्त्रिक प्रतिनिधिहरू चुनावमा जिते । त्यसको ३ दिनभित्रै सेन्डेर द्वितीय, मार्क्स र साथीहरूसँगै अदालतमा हाजिर हुनुपर्ने थियो । चुनावको जीतले न्यायालयमा पनि जीत भयो ।

तर, ५ जुलाई १८४८ को ‘पक्राउ’ भन्ने लेखलाई लिएर चलेको मुद्दाको फैसला भएको थिएन । ७ फेब्रुअरीको दिन फैसला थियो । सरकार राजनैतिक सङ्कटबाट फाइदा उठाउन चाहन्थ्यो । अदालतमा मार्क्स र एङ्गेल्सले त्यस लेखको वास्तविकताबारे बयान दिनुभयो । न्यायालय उहाँहरूलाई छोड्न बाध्य भयो ।

त्यसको भोलि अर्थात् ८ फेब्रुअरीको दिन मार्क्स र उहाँका साथीहरूलाई ‘विद्रोह भड्काउन खोजेको’ आरोपमा न्यायालयमा उपस्थिति गराइयो । त्यसबेला जनतामा ठुलो उत्साह थियो ।

मार्क्सले सफाइ दिँदै भन्नुभयो, “कानुनको इलाकाभित्र क्रान्ति हुन्छ भन्ने कुरो होइन । कानुन वर्तमान समाजको अनुरूप र भौतिक उत्पादनको अनुसार हुनुपर्छ । राजा र राष्ट्रिय सभाको भिडन्त दुई वर्ग र दुई विचारको भिडन्त हो, जो नभई छोड्दैन ।”

नोभेम्बर १८, १८४८ को राइन जिल्ला समितिले कर नतिर्न गरेको आह्वान जनताको स्वार्थको पक्षमा छ, त्यो प्रजातान्त्रिक विरोध हो भनेर भन्नुभयो । यदि राजाले प्रतिक्रान्ति गर्छ भने जनताले क्रान्तिबाट त्यसको जवाफ दिनेछ । उहाँको सैद्धान्तिक सफाइले गर्दा न्यायाधीशहरूलाई उहाँलाई छोड्न कर लाग्यो ।

स्थानीय प्रशासन र सैनिक अधिकारीहरू मार्क्सलाई नै राइनको मुख्य बाधा सम्झन्थे । तर, जनताको विद्रोहको डरले केही गर्न सकेका थिएनन् ।

***‘विश्वका प्रसिद्ध मजदुर आन्दोलनहरू’***

# मजदुर सहिदहरूको कथा - ५

हावर्ड फास्ट

**अदालतमा जज आल्टगेल्डसामु लुसी पार्सन्सको बयान**

"आल्टगेल्ड साप, तपाईँको जेल धनीमानीका बालबच्चाले नभई गरिबका बालबच्चाले भरिएको छ । के तपाईँ यो तथ्यलाई अस्वीकार गर्न सक्नुहुन्छ ? पेट रित्तो भएर केही सीप नचलेपछि मान्छेले चोरी गर्छ । के तपाईँ यो तथ्यलाई अस्वीकार गर्नसक्नुहुन्छ ? तपाईँ सिधासाधा बहिनीहरूको कुरा गर्नुहुन्छ । उनीहरू एक रातमा दस-बीस पुरुषसँग सुत्न पाउँदा खुसी हुन्छन् । आफ्नो आत्मालाई दबाएर उनीहरू धेरै खुसी छन् भन्ने साहस के तपाईँ गर्नसक्नुहुन्छ ?"

हलभरि विरोधको आवाज गुञ्जियो - 'छिःछिः' र 'कति घिनलाग्दो' । एक जना पादरी उठ्यो । आवेशले थर्रर काँप्दै र छाती थर्काउँदै न्यायाधीशसँग हस्तक्षेप गर्न भन्यो । अर्को व्यक्तिले पनि उत्पात मच्चायो । तर, जज आल्टगेल्डले संयम देखाए । *(भोलिपल्ट अखबारमा उनको आचरणको तारिफ भयो ।)* हातले इसारा गर्दै उनले होहल्ला शान्त पारे । उनले सुव्यवस्था कायम गर्ने आदेश दिए । उनको आदेश लागू भयो । उनले भने, "मञ्चमा महिला उभिनुभएको छ । के हामीले यतिविधि उद्दण्ड भएर नम्रताको धज्जी उडाउन मिल्छ ?" अनि लुसीतिर फर्केर उनले भने, "कृपया तपाईँ आफ्नो कुरा राख्नुस् श्रीमती पार्सन्स । त्यसपछि तपाईँको इच्छाअनुसार मैले जवाफ दिनेछु ।"

यिनै थिइन्, सबैको चर्चाकी विषय बनेकी लुसी पार्सन्स ! हलमा खासखुस भयो । लुसी एकदम दृढतासाथ उभिएकी थिइन् । उनी बोल्न थालिन्, "तपाईँ सबै जना सुधारको कुरा गर्नुहुन्छ । सुधारको उपदेश दिनुहुन्छ । सुधारको गाडीमा चढेर स्वर्गसम्म पुग्न चाहनुहुन्छ । तपाईँहरूको सोच के नै हो र ? आल्टगेल्ड साबले कैदीहरूलाई धार भएको पोशाकको सट्टा खैरी सुट लगाउनुपर्ने पैरवी गर्नुहुन्छ । यो रचनात्मक काम हो । राम्रा किताब र हावा खेल्ने सफा कोठरीहरूको पैरवी गर्नुहुन्छ । उहाँले भन्नुभएको ठिक्कै हो - उहाँले कठोर दण्ड पाएका कैदीहरूलाई पहिलोपल्ट सजाय भोगिरहेका कैदीहरूबाट अलग राख्नुपर्छ भन्नुभयो । उहाँ जज साप हुनुहुन्छ । त्यसैले उहाँले न्यायको पक्षमा धेरै कुरा गर्दा मलाई अचम्म लाग्दैन । किनभने, कुनै चीज अस्तित्वमै छैन भने पनि त्यसको चर्चा हुनुपर्छ । मैले आल्टगेल्ड सापको आलोचना गरेकी होइन । भयावह यातनाको विरोधमा उहाँले आवाज उठाएकोमा म सहमत छु । एकपल्ट होइन, मैले पटक पटक चिन्ता र यातना खेपेकी छु । मेरो शरीरमा यसका धेरै डाम छन् । तर, म तपाईँहरूको सुधारको भाउँतोमा लाग्नेछैन । यो समाज तपाईँको हो जज साप । यसलाई तपाईँहरूले बनाउनुभएको हो । यो त्यही समाज हो जसले अपराधीहरू जन्माउँछ । एउटी नारीले आफ्नो शरीर बेच्छे किनभने भोकै मर्नुभन्दा शरीर बेच्नु ठीक हो । एउटा मान्छे चार बन्छ किनभने तपाईँहरूको यो व्यवस्थाले उसलाई कानुन-मिचुवा घोषणा गर्छ । उसले तपाईँहरूको नीतिशास्त्र देख्छ, जुन जङ्गली छ । अनि यदि मजदुरहरूले एकजुट भएर रोटीका लागि सङ्घर्ष गरे भने, एउटा गतिलो जीवनका लागि लडाइँ लडे भने, तपाईँहरूले तिनलाई जेलमा कोच्नुहुन्छ । तपाईँहरू आफ्नो आत्म सन्तुष्टिका लागि सधैँ सुधारको कुरा गर्नुहुन्छ । खालि सुधार-सुधार भन्नुहुन्छ । अब यो चल्दैन जज साप । तपाईँहरूले यो व्यवस्थाको, यो नीतिशास्त्रको जतन र पहरेदारी गरुञ्जेल तपाईँका जेलका कोठरीहरू टमाटम रहनेछन् । तपाईँका जेलहरू मृत्युको सट्टा जीवन रोज्ने, तपाईँहरूले आफैले लादेको एक अपराधी जीवन चुन्ने नारीपुरुषले भरिनेछ ।"

**जहानलाई अल्बर्ट पार्सन्सको चिठी**

कुक काउन्टी जेल, कोठरी नं. २९
शिकागो, २० अगस्त, १८८६ ।

प्रिय पत्नी,

आज बिहान हाम्रा सम्बन्धमा भएको फैसलाले संसारका सारा अत्याचारीहरूमा खुसी छाएको छ । शिकागोदेखि सेन्ट पिटर्सबर्गसम्म पुँजीपतिहरूले भोजभतेरमा रक्सीको नदी बगाउनेछन् । तर, हाम्रो मृत्यु पर्खालमा लेखिएको एक यस्तो मन्त्र बन्नेछ, जसले घृणा, वैरभाव, ढोङ, अदालतबाट हुने हत्या, अत्याचार र मान्छेबाटै हुने मान्छेको गुलामीको अन्त्य हुने भविष्यवाणी गर्नेछ । संसारभरिका हेपिएका चेपिएका जनताले आफ्ना खुट्टाका कानुनी ठिँगुराहरू झट्कार्दै छन् । मजदुरको विराट रूप जाग्दै छ । आँधीले बुट्यान उखेलेझैँ गहिरो निद्राबाट ब्युँझेका जनताले आफ्ना हातका साङलाहरू फुकालेर फाल्नेछन् ।

हामी सबै जना परिस्थितिका दास हौँ । हामी त्यस्तै छौँ, जस्तो परिस्थितिले हामीलाई बनायो । यो कुरा दिनप्रतिदिन स्पष्ट हुँदै छ ।

हामी आठ जनालाई मृत्युको सजाय सुनाइयो । तर, हेमार्केटमा भएको घटनाबारे हामी आठमध्ये एक जनालाई पनि पूर्व जानकारी थियो भन्ने कुनै प्रमाण छैन । हामीले त्यो घटना गराउन सल्लाह दिएको वा मान्छेलाई भड्काएको साबित गर्ने रिठ्ठो प्रमाण छैन । तर, यसको कुनै अर्थ पनि छैन । सुविधाभोगी वर्गलाई बलिको बोको चाहिएको थियो । रगतको तिर्खा लागेर करोडपतिहरूको पागल भीड चिच्याइरहेको थियो । त्यही तिर्खा मेट्न हामीलाई बलि चढाइँदै छ । किनभने, हाम्रो ज्यान नलिई उनीहरू सन्तुष्ट हुनेछैनन् । आज एकाधिकार पुँजीपतिहरूको जीत भयो ! सिक्रीले बाँधिएको मजदुर फाँसी चढ्दै छ । किनभने, उसले स्वतन्त्रता र आफ्नो हकहितको लागि आवाज उठाउने आँट गरेको छ ।

मेरी प्रियसी, तिमीलाई सम्झँदा र हाम्रा साना लालाबालालाई सम्झँदा दुःख लाग्छ ।

म तिमीलाई जनताको हातमा सुम्पँदै छु । किनभने, तिमी साधारण जनतामध्येकी एक हौ । तिमीसँग मेरो एउटा बिन्ती छ - म रहिन भने पनि तिमीले हतारमा कुनै काम नगर्नू, बरु समाजवादका महान् आदर्शहरूलाई मैले जहाँ छोडेर जान बाध्य भएँ, त्यहाँबाट तिमीले तिनलाई अझ माथि उठाउनू ।

छोराछोरीलाई बताउनू - उनीहरूको बुबाले दस जनामध्ये नौ जना बालबच्चाले गुलामी र गरिबीको जीवन बिताउनुपर्ने बाध्यकारी समाजमा सन्तोषले जीवन कटाउनुको साटो स्वतन्त्रता र सबैका लागि खुसी ल्याउने प्रयास गर्दागर्दै मर्नुलाई राम्रो ठान्यो । उनीहरूलाई मेरो आशीर्वाद दिनू । बरु, म तिनलाई असाध्यै माया गर्छु ।

लौ त प्यारी, म रहे पनि नरहे पनि हामी एक हौँ । तिमीप्रति, जनता र मानव जातिप्रति मेरो माया सधैँ रहनेछ । यो कालकोठरीबाट म बारम्बार भनिरहनेछु - स्वतन्त्रता ! समानता ! न्याय !
- अल्बर्ट पार्सन्स ।

**कालकोठरीबाट छोराछोरीलाई अल्बर्ट पार्सन्सको चिठी**


कुक काउन्टी जेल, कोठरी नं. ७
शिकागो, ९ नोभेम्बर, १८८७ ।

मेरा प्यारा-प्यारी,
छोरा अल्बर्ट आर पार्सन्स (जुनियर) र छोरी लुलु एडा पार्सन्स,

यी शब्द लेख्दै गर्दा मेरो आँसुले कागज भिज्दै छ, तिमीहरूको नाम मेटाउँदै छ । अब हामी कहिल्यै भेट्ने छैनौँ । प्यारा नानीबाबु, म तिमीहरूलाई असाध्यै माया गर्छु । हामीले बाँचेर आफ्ना प्रियजनप्रति माया दर्शाउँछौँ । आवश्यक परे मरेर पनि दर्शाउँछौँ । मेरो जीवन अनि अस्वाभाविक र क्रुर मृत्युको बारेमा तिमीहरूले अरूबाट थाहा पाउनेछौ । तिम्रो बुबाले स्वाधीनता र प्रसन्नताको वेदीमा आफ्नो बलि चढाएको छ । तिमीहरूको लागि इमानदारी र कर्तव्यपालनको विरासत छोडेर जाँदै छु । यसलाई कायम राख्नू र यही बाटोमा अघि बढ्नू । आफूप्रति साँचो बन्नू । अनि मात्र तिमीहरू अरूप्रति पनि कहिल्यै दोषी हुन पाउने छैनौ । मिहिनेती, गम्भीर र हँसिलो बन्नू । अनि तिमीहरूकी आमा ! उनी धेरै महान् छिन् । उनलाई माया गर्नू । उनलाई आदर गर्नू । उनले भनेको मान्नू ।

मेरा बचेरा ! मेरा प्यारा ! बिन्ती छ, यो बिदाइ सन्देश मेरो हरेक बर्खीमा पढ्नू । ममा एउटा यस्तो मानिसलाई सम्झनू, जो तिमीहरूको लागि मात्र नभई भविष्यमा आउने सबै पिँढीको लागि अर्पित भयो ।


खुसी रहनू, मेरा प्यारा ! अलबिदा !
तिमीहरूको बुबा
अल्बर्ट आर पार्सन्स ।



**शिकागोका मजदुर नेताहरू**

"हाम्रो मृत्यु पर्खालमा लेखिएको एक यस्तो मन्त्र बन्नेछ, जसले घृणा, वैरभाव, ढोङ, अदालतबाट हुने हत्या, अत्याचार र मान्छेबाटै हुने मान्छेको गुलामीको अन्त्य हुने भविष्यवाणी गर्नेछ । संसारभरिका हेपिएका चेपिएका जनताले आफ्ना खुट्टाका कानुनी ठिँगुराहरू झट्कार्दै छन् । मजदुरको विराट रूप जाग्दै छ । आँधीले बुट्यान उखेलेझैँ गहिरो निद्राबाट ब्युँझेका जनताले आफ्ना हातका साङलाहरू फुकालेर फाल्नेछन् ।"

***- अल्बर्ट पार्सन्स***



**अल्बर्ट पार्सन्स**

**जन्म :** २० जून, १८४८
**मृत्यु :** ११ नोभेम्बर, १८८७ मा फाँसी
**पेसा :** प्रिन्टिङ प्रेसका मजदुर

"एक दिन हाम्रो मौनता पनि त्यो आवाजभन्दा शक्तिशाली साबित हुनेछ, जसको तिमीहरू घाँटी थिच्दै छौ !"

***- अगस्ट स्पाइस***



**अगस्ट स्पाइस**

**जन्म :** १० डिसेम्बर, १८५५
**मृत्यु :** ११ नोभेम्बर, १८८७ मा फाँसी
**पेसा :** फर्निचर मजदुर

"ऊ मानव जातिको मुक्तिका लागि आफ्नो ज्यान अर्पित गर्न चाहन्थ्यो । त्यो दिन आउने उसले आशा गरेको थियो । उसलाई मजदुरवर्गको स्थितिमा सानोतिनो सुधार गर्ने उपायहरूमा कत्ति पनि विश्वास थिएन ।"

***- विलियम होल्म्स***




**एडोल्फ फिशर**

**जन्म :** १८५८
**मृत्यु :** ११ नोभेम्बर, १८८७ मा फाँसी
**पेसा :** प्रिन्टिङ प्रेसका मजदुर

"एन्जेल मजदुरवर्गको सङ्घर्षका एक बहादुर सिपाहीँ थिए । उनले श्रमजीवी जनताको मुक्तिलाई लक्ष्य बनाएका थिए । त्यो लक्ष्य हासिल गर्न जिउज्यान दिने बागी थिए उनी ।"

***- ओस्कर निबे***



**जर्ज एन्जेल**

**जन्म :** १५ अप्रिल, १८३६
**मृत्यु :** ११ नोभेम्बर, १८८७ मा फाँसी
**पेसा :** खेलौना बेच्ने

"लेखपढ गर्ने तप्काबाट कोही क्रान्तिकारी बनिहाल्यो भने त्यसलाई अपराध मानिन्न । तर, कुनै गरिब मजदुर क्रान्तिकारी बन्यो भने यसलाई भयङ्कर अपराध मानिन्छ ।"

***- स्यामुएल फिल्डेन***



**स्यामुएल फिल्डेन**

**जन्म :** २५ फेब्रुअरी, १८४७
**मृत्यु :** ७ फेब्रुअरी, १९२२
**पेसा :** सामान ढुवानी गर्ने मजदुर

"मजदुरहरूलाई सङ्गठित शक्तिको बलमा दबाएर राखिन्छ र त्यसको जवाफ पनि शक्तिले नै दिनुपर्छ ।"

***- लुइस लिङ***



**लुइस लिङ**

**जन्म :** ९ सेप्टेम्बर, १८६४
**मृत्यु :** १० नोभेम्बर, १८८७ मा जेलको कोठरीमा आत्महत्या
**पेसा :** सिकर्मी

"मलाई थाहा छ, हाम्रो सपना यो वर्ष वा अर्को वर्ष पूरा हुनेछैन । तर, भविष्यमा एक न एक दिन त्यो पूरा भएरै छोड्नेछ ।"

***- माइकल श्वाब***




**माइकल श्वाब**

**जन्म :** ९ अगस्त, १८५३
**मृत्यु :** २९ जून, १८९८
**पेसा :** बुक बाइन्डर

"निबे एक मजदुर सङ्गठक थिए । मनका सफा र सरल थिए । मान्छेलाई एकगठ गर्न र तिनलाई सङ्घर्षमा उतार्न उनी पोख्त थिए । मजदुरहरूलाई शिक्षित गर्ने कार्यकर्ताहरूलाई उनी खुब सघाउँथे ।"


***- लिज्जी होम्स***



**ओस्कर निबे**

**जन्म :** १२ जुलाई, १८५०
**मृत्यु :** २२ अप्रिल, १९१६
**पेसा :** मर्चा बेच्ने पसलमा हिस्सेदारी

***समाप्त***



THE LAW VINDICATED.—FOUR OF THE CHICAGO ANARCHISTS PAY THE PENALTY OF THEIR CRIME—SCENES IN THE COOK COUNTY JAIL BEFORE AND AT THE MOMENT OF THE EXECUTION.

# विभिन्न देशमा १३७ औँ अन्तर्राष्ट्रिय श्रमिक दिवस

तस्बिर : एपी



श्रीलङ्का



फिलिपिन्स




पाकिस्तान



टर्की




ताइवान



बङ्गलादेश

# आणविक मुद्दामा इरान अडिग, क्षेत्रीय तनाव चुलिँदै

दुबई, १ मे (एपी) । क्षेत्रीय तनाव चर्किँदै जाँदा इरानका सर्वोच्च नेताले देशको आणविक तथा क्षेप्यास्त्र क्षमतामा कुनै सम्झौता नगर्ने स्पष्ट सन्देश दिनुभएको छ । अमेरिकी दबाब र युद्धविरामको अनिश्चित अवस्थाबिच आएको यो अभिव्यक्तिलाई इरानले आफ्नो रणनीतिक अडान अझ कडा बनाएको सङ्केतको रूपमा हेरिएको छ ।

राज्य टेलिभिजनमार्फत सार्वजनिक गरिएको वक्तव्यमा अयातुल्ला मोजतबा खामेनीले इस्लामिक गणतन्त्रका वैज्ञानिक, प्राविधिक र सैन्य क्षमताहरू राष्ट्रिय पहिचानसँग जोडिएको बताउँदै तिनको संरक्षण अपरिहार्य रहेको उल्लेख गर्नुभयो । उहाँले पर्सियन खाडी क्षेत्रमा अमेरिकी उपस्थितिमाथि कटाक्ष गर्दै त्यहाँको अवस्थालाई 'इतिहासको नयाँ अध्याय' का रूपमा व्याख्या गर्नुभयो । आफ्नो बुबाको हवाई आक्रमणमा मृत्यु भएपछि सर्वोच्च नेतृत्व सम्हालेका खामेनी हालसम्म सार्वजनिक रूपमा देखा पर्नुभएको छैन ।

देशको अर्थतन्त्र अमेरिकी नाकाबन्दीका कारण दबाबमा परेको बेला इरानको यस्तो अडान आएको हो । अमेरिकी नौसेनाले इरानी तेल ट्याङ्करहरूको आवागमन रोकेपछि निर्यात प्रभावित भएको छ भने विश्व बजारमा तेल आपूर्ति अस्थिर बनेको छ । हर्मुज जलघाँटीमा इरानको प्रभावका कारण विश्वको झण्डै पाँचौं हिस्सा कच्चा तेल ढुवानी प्रभावित भइरहेको छ । यसै सन्दर्भमा ब्रेन्ट क्रुडको मूल्य प्रतिब्यारेल १२६ डलरसम्म पुगेको छ ।

ऊर्जा आपूर्तिमा आएको दबाबले अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पमाथि पनि राजनीतिक तथा आर्थिक दबाब बढाएको छ । उनले खाडी क्षेत्रमार्फत तेल ढुवानी पुन: सुरु गराउन नयाँ योजना अघि सारेको बताइएको छ । प्रस्तावित योजनाअनुसार अमेरिका इरानी बन्दरगाहमाथिको नाकाबन्दी जारी राख्दै सहयोगी राष्ट्रहरूसँग मिलेर इरानको हस्तक्षेपलाई महँगो बनाउने रणनीतिमा अघि बढ्ने तयारीमा रहेको छ ।

अमेरिकी नाकाबन्दीका कारण हालसम्म दर्जनौं व्यापारिक जहाजहरू प्रभावित भएका छन् । यसले इरानलाई तेल निर्यातबाट वञ्चित गर्दै आर्थिक दबाब थप बढाएको छ । यद्यपि, इरानले आफ्नो आणविक कार्यक्रम शान्तिपूर्ण रहेको दाबी दोहोऱ्याउँदै आएको छ, जबकि उसले उच्चस्तरमा युरेनियम समृद्धि गरिरहेको पुष्टि भइसकेको छ ।

तनाव कम गर्न पाकिस्तानले अमेरिका र इरानबिच अप्रत्यक्ष वार्ताको सहजीकरण गरिरहेको जनाएको छ । प्रत्यक्ष संवाद भएमा समस्या समाधान सहज हुन सक्ने इस्लामाबादको धारणा छ, यद्यपि कुनै ठोस प्रगति सार्वजनिक गरिएको छैन ।

खामेनीको पछिल्लो अभिव्यक्तिले हर्मुज जलघाँटीमा इरानले आफ्नो नियन्त्रण कायम राख्ने सङ्केत पनि दिएको छ । केही जहाजहरूबाट शुल्क असुल्ने अभ्यासलाई इरानले वैध व्यवस्थापनका रूपमा प्रस्तुत गरेको छ । तर, संरा अमेरिकालगायत केही देशले यसलाई स्वीकार गरेको छैन । खाडीका अरबी राष्ट्रहरूले यस्तो कदमको कडा आलोचना गर्दै समुद्री डकैतीसँग तुलना गरेका छन् ।

देशभित्र पनि तनाव बढिरहेको छ । इरानले हालै विरोध प्रदर्शनसँग सम्बन्धित आरोपमा एक युवकलाई मृत्युदण्ड दिएको पुष्टि गरेको छ । मानव अधिकार समूहहरूले युद्धपछिको अवस्थामा दमन बढेको र मृत्युदण्डको सङ्ख्या उकालो लागेको बताएका छन् । संयुक्त राष्ट्रसङ्घका अनुसार युद्ध सुरु भएयता कम्तीमा २१ जनालाई मृत्युदण्ड दिइएको छ ।

क्षेत्रीय रूपमा पनि अस्थिरता कायम छ । लेबनानको दक्षिणी क्षेत्रमा इजरायल र हिजबुल्लाहबिच झडप जारी रहेको छ । युद्धविरामका बाबजुद आक्रमणहरू भइरहेका छन्, जसमा दुवै पक्षले क्षति व्यहोरेका छन् । इजरायलले आफ्ना सैनिक गुमाएको जनाएको छ भने लेबनानमा नागरिक हताहत भएको रिपोर्ट सार्वजनिक भएको छ ।

यसैबिच, संयुक्त अरब इमिरेट्सले इरान, लेबनान र इराकमा रहेका आफ्ना नागरिकलाई सावधानी अपनाउन र आवश्यक परे फर्किन आह्वान गर्दै यात्रा प्रतिबन्धसम्बन्धी निर्णय सार्वजनिक गरेको छ । समग्र अवस्थाले मध्यपूर्व क्षेत्रमा तनाव कम हुनेभन्दा थप जटिल बन्दै गएको सङ्केत गरेको छ ।

# अमेरिकी प्रतिबन्धप्रति चीन आक्रोशित

पेइचिङ, १ मे (एएफपी) । अमेरिकी नियामक निकायको नयाँ प्रतिबन्धले प्रविधि व्यापारमा नयाँ तनाव निम्त्याउने सङ्केत देखिएपछि चीनले कडा आपत्ति जनाएको छ । चिनियाँ प्रयोगशालाहरूलाई अमेरिकी बजारका लागि इलेक्ट्रोनिक उपकरण परीक्षणबाट रोक्ने योजनाले द्विपक्षीय व्यापार सम्बन्धमा नकारात्मक प्रभाव पार्ने भन्दै पेइचिङले प्रतिकार गर्ने चेतावनी दिएको छ ।

अमेरिकाको फेडरल कम्युनिकेसन कमिसन (एफसीसी) ले बिहीबार अघि बढाएको प्रस्तावले स्वीकृति पाए स्मार्टफोनदेखि क्यामेरासम्मका विभिन्न उपकरणहरू प्रभावित हुनेछन् । एफसीसीका अनुसार हाल संयुक्त राज्य अमेरिकामा प्रयोग हुने करिब ७५ प्रतिशत प्रमाणित उपकरणहरू चीनस्थित मान्यता प्राप्त प्रयोगशालाहरूमा परीक्षण गरिन्छन्, जसले यो प्रस्तावको प्रभाव व्यापक हुनसक्ने देखाउँछ ।

यस निर्णयप्रति प्रतिक्रिया दिँदै चीनको वाणिज्य मन्त्रालयले यस्तो कदमले 'अन्तर्राष्ट्रिय आर्थिक तथा व्यापार प्रणालीलाई गम्भीर रूपमा कमजोर बनाउने' चेतावनी दिएको छ । मन्त्रालयले यदि अमेरिका आफ्नो निर्णयमा अडिग रहे चीनले आफ्ना उद्यमहरूको वैध अधिकार र हित जोगाउन आवश्यक कदम चाल्ने स्पष्ट सङ्केत दिएको छ ।

चीनले एफसीसीमाथि चिनियाँ कम्पनी र उत्पादनलाई लक्षित गर्दै बारम्बार प्रतिबन्धात्मक उपायहरू लागू गरेको आरोप पनि लगाएको छ । यस्ता कदमहरूले दुई देशबिच कठिन प्रयासबाट कायम भएको व्यापारिक स्थिरता बिगार्ने र उच्चस्तरीय सहमतिविपरीत जाने मन्त्रालयको दाबी छ ।

एफसीसीले भने आफ्नो प्रस्ताव 'राष्ट्रिय सुरक्षालाई प्राथमिकता दिने' उद्देश्यले ल्याइएको जनाएको छ । यसअघि नै एजेन्सीले विदेशी विरोधीहरूको स्वामित्व वा नियन्त्रणमा रहेका परीक्षण प्रयोगशालाहरूलाई सीमित गर्ने नियम लागू गरिसकेको छ । नयाँ प्रस्तावले अमेरिकाको पारस्परिक मान्यता वा समान व्यापार सम्झौता नभएका देशहरूमा रहेका प्रयोगशालाहरूको मान्यता हटाउने लक्ष्य राखेको छ ।

एफसीसीका अनुसार चीनसँग यस्तो कुनै सम्झौता छैन । प्रस्ताव पारित भएमा चिनियाँ प्रयोगशालामा परीक्षण तथा प्रमाणीकरण भएका उपकरणहरूलाई दुई वर्षभित्र चरणबद्ध रूपमा अमेरिकी बजारबाट हटाइनेछ ।

यो प्रस्तावले प्रविधि आपूर्ति शृङ्खला, अन्तर्राष्ट्रिय व्यापार अभ्यास र अमेरिका–चीन सम्बन्धमा नयाँ तनाव थप्ने सङ्केत दिएको छ । विश्लेषकहरूले यसलाई व्यापार मात्र नभई रणनीतिक प्रतिस्पर्धाको अर्को चरणका रूपमा पनि व्याख्या गरेका छन् ।

# सुकीलाई नजरबन्दमा सार्ने निर्णय

## अन्तर्राष्ट्रिय छविमा केन्द्रित कदम

याङ्गुन, १ मे (एएफपी) । पाँच वर्षदेखि हिरासतमा राखिएकी अपदस्थ नेता आङ सान सुकीलाई म्यान्माको सैनिक नेतृत्वले नजरबन्दमा सार्ने निर्णय गरेको छ । जुन्ता प्रमुखबाट नागरिक राष्ट्रपति बनेका मिन आङ ह्लाइङले बिहीबार सुकीको बाँकी सजाय 'तोकिएको निवास' मा पूरा गर्न दिने आदेश दिनुभएको हो । यसलाई धेरैले अन्तर्राष्ट्रिय दबाब कम गर्ने प्रयासका रूपमा हेरेका छन् ।

राष्ट्रपतिको कार्यालयले जारी गरेको विज्ञप्तिमा ८० वर्षीया सुकीको सजायको स्वरूप परिवर्तन गरिएको उल्लेख गरिएको छ, तर उहाँलाई कहाँ राखिने भन्ने स्पष्ट पारिएको छैन । सार्वजनिक गरिएको एउटा तस्वीरमा उहाँ दुई जना सुरक्षाकर्मीसँग बसेको देखिन्छ । सुकीको पार्टी नेसनल लिग फर डेमोक्र्यासी (एनएलडी) का एक वरिष्ठ स्रोतका अनुसार उहाँलाई राजधानी नेपिडोको कुनै सुरक्षित स्थानमा राखिएको हुनसक्ने अनुमान गरिएको छ, यद्यपि ठेगाना गोप्य राखिएको छ ।

नेपिडोस्थित एक प्रहरी स्रोतले सुरक्षा व्यवस्थालाई कडाइका साथ लागू गर्न निर्देशन दिइएको जानकारी दिएका छन् । उनका अनुसार 'तोकिएको निवास' पूर्ण रूपमा सुरक्षा निकायको नियन्त्रणमै रहनेछ । सुकीको सजाय कति बाँकी छ भन्नेबारे पनि सरकारी पक्षले खुलाएको छैन ।

यस निर्णयलाई अन्तर्राष्ट्रिय समुदायले सावधानीपूर्वक स्वागत गरेको छ । संयुक्त राष्ट्रसङ्घका प्रवक्ता स्टेफन डुजारिकले यसलाई 'विश्वसनीय राजनीतिक प्रक्रियातर्फको सम्भावित सङ्केत' भन्नुभयो । यद्यपि, सुकीका वकिलहरूले भने उहाँ अझै पनि अन्यायपूर्ण रूपमा स्वतन्त्रताबाट वञ्चित रहेको बताएका छन् ।

सन् २०२१ मा सैनिक कू मार्फत सत्ता कब्जा गरेपछि मिन आङ ह्लाइङ नेतृत्वको सेनाले सुकीको निर्वाचित सरकार अपदस्थ गर्दै उहाँलाई विभिन्न आरोपमा हिरासतमा राखेको थियो । अधिकारवादी समूहहरूले ती आरोपहरूलाई राजनीतिक रूपमा प्रेरित बताएका छन् । त्यसयता देश गृहयुद्धमा फसेको छ, जसले हजारौँको ज्यान लिएको छ भने लाखौं मानिस विस्थापित भएका छन् ।

हालै सम्पन्न विवादास्पद चुनावपछि नागरिक राष्ट्रपति बनेका मिन आङ ह्लाइङले एनएलडीलाई प्रक्रिया बाहिर राख्नुभएको थियो । चुनावमा आलोचना वा विरोध गर्नेलाई कडा सजायको व्यवस्था गरिएको थियो भने द्वन्द्वग्रस्त क्षेत्रमा मतदान नै हुन सकेन । लोकतन्त्रका पक्षधरहरूले यसलाई सैनिक शासनलाई वैधानिक देखाउने प्रयासका रूपमा व्याख्या गरेका छन् ।

विश्लेषकहरूका अनुसार सुकीलाई नजरबन्दमा सार्ने निर्णय पनि त्यही रणनीतिको निरन्तरता हुन सक्छ । सुकीका छोरा किम एरिसले यसलाई 'पुरानै शैलीको खेल' भन्दै अन्तर्राष्ट्रिय छवि सुधार्ने प्रयास भएको बताउनुभयो । उहाँले सुकीलाई परिवार र कानुनी टोलीसँग सम्पर्क गर्न दिइनुपर्नेमा जोड दिनुभयो ।

देशभित्र अझै लोकप्रिय रहेकी सुकी लामो समयदेखि बाह्य सम्पर्कबाट टाढा राखिनुभएको छ । परिवारले उहाँको स्वास्थ्यप्रति चिन्ता व्यक्त गर्दै आएको छ । यसैबिच, मिन आङ ह्लाइङले उहाँका निकट सहयोगी तथा पूर्वराष्ट्रपति विन मिन्टलाई पनि हालै क्षमादान दिनुभएको छ, जसलाई राजनीतिक सङ्केतका रूपमा हेरिएको छ ।

हास्यव्यङ्ग्य

# पढाइमा 'पी.एच.डी.' व्यवहारमा 'एल.के.जी.' !

✍ इकुश्रे

हामी सबै आफैँमा एउटा ठुलो पुस्तकालय हौँ । हाम्रो दिमागका र्‍याकहरूमा नीतिशास्त्रका ठेली, सदाचारका सूत्र र देशभक्तिका महाकाव्यहरू टन्नै सजाइएका छन् । हाम्रो ओठबाट निस्कने शब्दहरूले समाजलाई स्वर्ग बनाउने ग्यारेन्टी गर्छन्, तर हाम्रा मनले सोच्ने र हातले गर्ने कर्महरूले नरकको ढोका ढक्ढक्याइरहेका हुन्छन् । यस्तो भएपछि भन्न मन लाग्छ – हामी 'पढाइ' का महाविद्वान् हौँ, 'बुझाइ' का पारखी हौँ, 'सिकाइ' का विद्यार्थी हौँ तर 'गराइ' का पूर्णत: 'आत्मघाती कलाकार' हौँ । हामीले अक्षर त चिनेका छौँ, तर अक्षरको अर्थ चिन्न अझै कैयौँ जुनी कुर्नुपर्नेजस्तो देखिन्छ । हाम्रो विद्वताको उचाइ सगरमाथा जत्रो छ, तर त्यसको आधार बालुवाको ढिस्कोजस्तै छ, जहाँ अलिकति पनि 'गराइ' को पानी पर्‍यो कि त भुइँमा ढलेर छरछार हुन्छ ।

हाम्रा कतिपय विद्यालयका भित्तामा लेखिएको हुन्छ, "देशभक्ति नै सर्वोपरि धर्म हो ।" हामीले पाठ्यपुस्तकका पाना पल्टाउँदै घोकेका छौँ, "आफ्नो माटो, आफ्नो देश ।" अझ हामीले दिनहुँ राष्ट्रिय गानको धूनमा आफ्नो छाती फुलाएर 'सयौँ थुँगा फूलका हामी' गाएका पनि छौँ । तर, यो सर्वोच्च गान गाउँदै गर्दा हामीले सोचेका हुन सक्छौँ, "यो फूल फुल्ने माटो अलि मलिलो भएन, अब यो गमलामा विदेशी मल हाल्नुपर्ने भयो ।" यहाँ 'पढाइ' र 'गराइ' को दूरी कति छ भने, मान्छेले देशको मानचित्र आफ्नो भित्तामा सजाउँछ, तर आफ्नो खुट्टा विमानस्थलको लाममा उभ्याउँछ । देशलाई माया गर्नुपर्छ भनेर पढेको व्यक्ति जब विमानस्थलको अध्यागमन कक्षमा उभिएर 'धन्यवाद, अब फर्किन्नँ होला' भन्दै हात हल्लाउँछ, तब लाग्छ – हाम्रो देशभक्ति पनि 'ब्यागेज' जस्तै भयो, जसलाई गन्तव्यमा पुगेपछि कतै कुनामा फ्याँक्न सकिन्छ । हामीले देशभक्ति पढ्यौँ, तर त्यसको मर्म बुझेनौँ; हामीले सिक्यौँ कि देश मायाको वस्तु हो, तर व्यवहारमा यो लागू गर्‍यौँ कि देश त 'छाडेर विदेश जाने भूमि' पो रहेछ !

यही विडम्बनाको निरन्तरता नैतिकताका सन्दर्भमा झन् छताछुल्ल हुन्छ । हामी सदाचारको कुरा गर्दा कोही त्यागी र असल बाबाजस्ता देखिन्छौँ । कसैले सोध्यो भने हामी भन्छौँ, "लोभ पापको मूल हो ।" तर, त्यही व्यक्ति, जो अघिल्लो क्षण नैतिकताको प्रवचन दिँदै थियो, अर्को क्षण घुस लिँदा आफ्नो अनुहारको रङ्ग फेर्न बिर्सियो । यहाँ 'बुझाइ' र 'गराइ' को बिचमा एउटा ठुलो खाडल छ, जसमा हाम्रो नैतिकता खसेर मरेको छ । हामीले 'ढाँट्नु हुँदैन' भनेर सयौँपटक पढ्यौँ, तर हाम्रो जिब्रो यति चलाख छ कि त्यसले सत्यलाई लज्जित पार्ने गरी तुरुन्तै झूटको महल ठड्याउँछ । घरमा बच्चाले फोन उठाउँदा आमाले नै सिकाउँछिन्, "भन्दिनू, बुबा घरमा हुनुहुन्न, फोन यहीँ छोडेर कता जानुभएछ !" यहाँ 'ढाँट्नु हुँदैन' भन्ने पाठ पढाइको किताबमा सुरक्षित रहन्छ, तर फोनको रिसिभरमा 'झूट' को खेती मौलाउँछ । यो कुनै दुर्घटना होइन, यो त हाम्रो संस्कार बनिसक्यो । हामी पढेलेखेका मानिसहरू 'नैतिकता' लाई एउटा गहनाको रूपमा प्रयोग गर्छौँ, जसलाई सभा-समारोहमा लगाइन्छ र घर फर्किने बित्तिकै फुकालेर कतै थन्काइन्छ ।

हामी यति धेरै शिक्षित छौँ कि, अब त हामीलाई 'पढेका कुरा' व्यवहारमा उतार्न नै अप्ठ्यारो र अलमल लाग्न थालेको छ । फेसबुकका भित्ताहरूमा 'मानसिक शान्ति' र 'योग' का पोस्टहरू शेयर गर्ने मान्छे, अर्को सेकेन्डमा कमेन्ट बक्समा कसैलाई गाली गरेर आफ्नो 'शान्ति' लाई आगो लगाइरहेको हुन्छ । के हाम्रो बौद्धिकता यही हो ? पक्कै होइन, यो त हाम्रो 'ज्ञानको भण्डार' र 'चरित्रको खडेरी' बिचको भयानक विरोधाभास हो । हामीले 'नम्र बन्नु पर्छ' भन्ने किताबका पानाहरू पल्टायौँ, तर ती पानाबाट नम्रताको सुगन्ध आउनुको सट्टा अहङ्कारको धुलो मात्र झर्‍यो । हामीलाई थाहा छ, 'रिसाउनु स्वास्थ्यको लागि हानिकारक छ', तैपनि हरेक सानातिना कुरामा हाम्रो कन्पारो तातेकै हुन्छ ।

यस्तो विडम्बनापूर्ण जीवनशैलीलाई नियाल्दा रुसी साहित्यकार अन्टोन चेखवको प्रसिद्ध कथा 'द बेट' को पात्रको सम्झना हुन्छ । जेलको बसाइँमा, ऊ संसारभरका किताबहरू पढ्छ । ज्ञानको सागरमा पौडिन्छ । तर, अन्तमा ऊ यस्तो बिन्दुमा पुग्छ जहाँ उसलाई लाग्छ, "यो सबै पढाइ र ज्ञान अर्थहीन छ । मान्छेले किताब पढेर केही पनि पाउँदैन, बरु आफ्नो असली अस्तित्व गुमाउँछ ।" आजको हाम्रो अवस्था सायद चेखवको त्यही पात्रभन्दा फरक छैन । हामीले किताब त पढ्यौँ, तर किताबले हामीलाई पढेको रहेनछ । हामीले पढेका छौँ कि 'ज्ञान नै शक्ति हो', तर हाम्रो शक्ति त केवल 'पढेको कुरा देखाउनु' मा मात्र सीमित बनेछ । चेखवको पात्रले जस्तै, कहिलेकाहीँ मलाई पनि लाग्छ – के यो सबै पढेर हामीले आफ्नो मूर्खतालाई अझ बढी परिष्कृत मात्र गरेका त होइनौँ ? हामीसँग डिग्रीका प्रमाणपत्रहरू छन्, तर ती प्रमाणपत्रको भारीले हाम्रो 'स्वविवेक' लाई थिचेको छ । जीवनको कसीमा भने 'अक्षरारम्भ' नै गर्न बाँकी छ ।

हाम्रो 'पढाइ' सूचनाको थुप्रो हो, 'ज्ञान' त्यसको कङ्काल मात्र । हामीले सूचना त बटुल्यौँ, तर त्यसलाई आफ्नो रगत र मासुमा कहिल्यै रूपान्तरित गर्न सकेनौँ । एउटा मान्छे 'पर्यावरण संरक्षण' को ठुलो भाषण गर्छ, तर बाटोमा हिँड्दा उसले खाएको चाउचाउको खोल नालीमा फ्याँक्छ । उसलाई थाहा छ, यो गलत हो । उसले पढेको छ, यो वातावरणका लागि घातक छ । तर, उसको 'गराइ' उसको 'पढाइ' भन्दा धेरै पाइला पछाडि छ । हामी 'गराइ' मा यति कमजोर छौँ कि, हामीलाई 'पढाइ' को आडमा आफ्नो दोष लुकाउन सजिलो लाग्छ । "मैले यति पढेको छु, मलाई थाहा छ नि !"– यो वाक्य हाम्रो ढाल हो । तर, थाहा हुनु र गर्नुमा जति भिन्नता छ, त्यति नै आकाश र पातालको छ । हामी जान्दछौँ कि ब्रह्ममुहूर्तमा उठ्नु र यताउति गर्नु स्वास्थ्यका लागि हितकारी छ । तर, हामी उठ्दा त्यस्तो मुहूर्त अघि नै गइसकेको छ । हामीलाई यो पनि थाहा छ – व्यायाम स्वास्थ्यका लागि राम्रो हो, तर सोफामा पल्टिएर 'स्वास्थ्य' का लेखहरू पढ्नु नै हाम्रो व्यायाम हुँदै छ । हामी दिनदिनै पढेका पढ्यै छौँ, दिनदिनै जानेका जान्यै छौँ । तर, पढेका र जानेका ज्ञानलाई व्यवहारमा उतार्नुभन्दा ज्ञानको नाममा 'अहङ्कार' पाल्नु नै हाम्रो मुख्य कर्म बन्दै छ ।

हामी कतिसम्म हास्यास्पद छौँ भने, हामीले 'कसरी खुसी हुने' भन्ने किताब पढेर दु:खी मान्छेहरूलाई सल्लाह दिन्छौँ, जबकि आफैँभित्र एउटा 'दु:खको ज्वालामुखी' लिएर हिँडिरहेका हुन्छौँ । हामी 'समयको महत्त्व' का बारेमा घण्टौँ भाषण दिन्छौँ, तर आफैँ अनावश्यक कामकुरामा समय खेर फालेर यसको अर्थहीन खेदो खनेर बसिरहेका हुन्छौँ । यस्तो देख्दा लाग्छ – हाम्रो जीवन भनेको एउटा यस्तो चलचित्र हो, जहाँ पटकथा निकै राम्रो छ, तर अभिनय भद्दा छ । हामीले 'सत्य' को वकालत गर्‍यौँ तर 'असत्य' को खेतीबाट मात्रै आफ्नो जीविका चलेको छ भन्ने बुझ्यौँ । के यो दार्शनिक विरोधाभास होइन ?

आज हामी यस्तो मोडमा उभिएका छौँ जहाँ हाम्रो पुस्तकालय बढेको छ, तर हाम्रो 'मानवालय' सानो भएको छ । हामीले पढेका छौँ, "मान्छे महान् हुन्छ ।' तर, हामीले अनुभव गरेका छौँ, मान्छे आफ्नो स्वार्थको वरिपरि घुम्ने सानो ग्रह हो । हामीलाई अब 'पढाइ' को आवश्यकता छैन, हामीलाई 'बोध' को आवश्यकता छ । चेखवको पात्रले जस्तै हामीले किताबका ठेलीहरू त्याग्नु पर्दैन, तर ती ठेलीहरूलाई आफ्नो दिमागबाट झिकेर हृदयमा राख्नुपर्छ । यदि 'पढाइ' ले हाम्रो 'गराइ' लाई सुधार्दैन भने, त्यो पढाइ कागजको खोस्टो मात्र हो । हामीले राष्ट्रभक्ति पढेर होइन, देशको माटोमा पसिना बगाएर देखाउनु छ । हामीले सदाचार पढेर होइन, भ्रष्टाचारको विरुद्धमा उभिएर देखाउनु छ ।

हामी ज्ञानीहरूको भीडमा बसेका अज्ञानी हौँ । हामीले पढ्यौँ, तर बुझेनौँ । हामीले बुझ्यौँ, तर सिकेनौँ र हामीले सिकेका कुराहरूलाई व्यवहारमा उतार्न सकेनौँ । हाम्रो पढाइले हामीलाई चतुर त बनायो, तर मान्छे बनाउन सकेन । अब समय आएको छ, पढेका कुराहरूलाई व्यवहारको कसीमा घोट्ने, नत्र यो पढाइको पगरीले हाम्रो शिर होइन, हाम्रो स्वाभिमान मात्र झुकाउनेछ । वास्तवमा किताब पढ्नु, कुरा जान्नु, तथ्याङ्क बुझ्नु, सीप सिक्नु र मान्छे बन्नु – दुई फरक कुरा रहेछन् । हामीले अघिल्ला धेरै कुरामा 'पी.एच.डी.' गरेका छौँ र पछिल्लो एउटै कुरामा भने अझै 'एल.के.जी.' मै अल्झिरहेका छौँ । योभन्दा ठुलो विडम्बना के हुन सक्छ र ? अब कलम छोडेर कर्मको हलो जोत्ने बेला भएको छ । अन्यथा, हाम्रा पुस्तकालयहरू बढ्दै जानेछन् र हाम्रा चरित्रहरू मर्दै जानेछन् । पढेका अक्षरहरूले मान्छेलाई बाँच्न सिकाउनुपर्छ, नकि केवल पन्नामा कुँदिएर सड्न । यो नै हाम्रो आजको सबैभन्दा ठुलो 'पढाइ' हो, जसलाई हामीले अझै 'गराइ' मा उतार्न सकेका छैनौँ ।

कविता

# ईश्वरसँग बहस

✍ वाई. एड्स् चेम्बा

मेरो सानो छोरो सङ्घर्ष गरिरहेको थियो
बाँच्नको लागि अस्पतालमा,
र म, चिन्तित र थकित भएर,
बसेँ चुपचाप प्रार्थना गरेर;
घनघोर चुप्पी साधी बहस गर्दै मेरो ईश्वरसँग ।
ईश्वर, मैले भनेँ,
किन तिमीले उसलाई यत्तिको दु:ख भोग्न दियौ ?
किन उसलाई सधैँ सधैँ ?
किन ?
ईश्वर चुप थियो !
उसले एक शब्द बोलेन,
एक शब्द पनि !
होला, मैले विचार गरेँ,
ईश्वर मसँग रिसाएको छ ।
म खुसी तुल्याउनेछु मेरो ईश्वरलाई :
म किरिया खान्छु असल हुन,
कोशिश गर्न र कम से कम असल हुन,
पक्का पनि ईश्वरले अनि जवाफ दिनेछ ।
ईश्वर, मैले प्रार्थना गरेँ,
जनिगर ईश्वर,
असल हुनु गाह्रो छ,
तर म कोशिश गर्नेछु ।
तर मेरो छोरोले बाँच्नुपर्छ,
वेदनाबाट मुक्त हुनुपर्छ,
हे ईश्वर !
तिमी जान्दछौ म उसलाई कत्तिको माया गर्छु, जान्दैनौ त ?
जान्दैनौ ? जान्दैनौ ? जान्दैनौ ?
तर,
ईश्वर मूक थियो
मेरो सानो छोरोजस्तै ।

अनि मैले मनमनै भनेँ,
ईश्वर इन्साफी छ,
अपील गर्छु इन्साफको लागि,
उ मलाई इन्साफ नदिन सक्तैन ।
हे ईश्वर ! मैले बोलाएँ, यद्यपि तिमी बोल्दैनौ,
मलाई विश्वास छ तिमी मेरो कुरा सुन्छौ,
न्यायी होऊ, इन्साफी होऊ,
उसलाई बलियो र सुखी भै बाँच्नदेऊ ।
अनि,
मैले देखेँ भित्तामा,
एउटा साङ्लो गर्भमा फुल भएको,
व्यथा लागेको,
नयाँ जन्म दिइरहेको ।
मैले तानेँ एउटा अखबार,
र हिर्काएँ साङ्लोलाई ।
यो खस्यो उत्तानो परी,
जिउनको लागि सङ्घर्ष गरी,
अनि मैले कच्याककुचुक पारेँ यसलाई,
कुर्कुच्चाले मेरो जुत्ताको ।
यसो गरुञ्जेल म प्रार्थना गरिरहेको थिएँ,
घनघोर अर्जी गरिरहेको जीवनको लागि,
मेरो छोरोको जीवनको लागि

*('इम बीट' बाट)*

# सिद्धान्तको बाटो

✍ आर.के. विद्रोही

*नामले होइन चिनिन्छ दल,*
*चिनिन्छ उसको विचारले,*
*सिद्धान्तको उज्यालोभित्र*
*उसको असली आकारले ।*
*मतको भीडले सत्य नतौल,*
*बहुमतले धर्म नदिन सक्छ,*
*कहिले बहुमत, कहिले अल्पमत,*
*सत्य सधैँ एउटै रहन्छ ।*
*पैसाको खोलो बग्ने बेला,*
*मतको मूल्य हराउँछ,*
*धाक, धम्की, लोभको छायामा*
*जनताको आवाज हराउँछ ।*
*सिद्धान्तबाट टाढा जाँदा*
*दलको आत्मा हराउँछ,*
*मार्गदर्शन बिर्सिँदा*
*आन्दोलन पनि थलिएर हराउँछ ।*
*मार्क्सवाद-लेनिनवादको ज्योति*
*बाटो देखाउने दीप हो,*
*तर आफ्नै स्वार्थमा मोडिँदा*
*त्यो दीप पनि मन्द र क्षीण हो ।*
*कुर्सी र भागबन्डाको खेलमा*
*सपना सबै टुट्दछन्,*
*वर्गसङ्घर्ष बिर्सिएको दलले*
*जनताको विश्वास गुमाउँछन् ।*
*श्रमजीवीको पीडा बुझ्न*
*जो अघि बढ्दैन कहिल्यै,*
*त्यो कसरी कम्युनिस्ट बन्छ*
*नामले मात्र बोलाउँदा जहिल्यै ?*
*परिवर्तनको सपना बोकेर*
*सिद्धान्तसँग अडिनुपर्छ,*
*माटो सुहाउँदो बाटो खोजी*
*आन्दोलन अघि बढ्नुपर्छ ।*
*यदि दलहरू जागे सचेत भई*
*विचारमा दृढ रहून्,*
*जनताको मन जित्दै*
*नयाँ बिहान अवश्य ल्याउन सकून् ।*

लघु कथा

# जरा

● निसान

गाउँमा एउटा शीतल चौतारी थियो । उखरमाउलो गर्मीमा आफ्नै खेतको आलु गोडेका किसान धनबहादुरले फाटेको टोपीले अनुहारको पसिना पुछ्दै, हम्काउँदै आराम गर्न चौतारीमा मोबाइलमा समाचार सुन्दै बसेका गाउँकै मास्टर साहेबसँग सरकारको प्रशंसा गर्दै खुसी भएर भने, "मास्टर साहेब, सरकार भनेको यस्तो पो हुनुपर्छ । यसले अहिलेसम्म कुनै दल र सरकारले गर्न नसकेको काम गरेको छ । सरकारले पूर्वप्रधानमन्त्री, पूर्वगृहमन्त्रीजस्तो मान्छेलाई एकैचोटि झ्यापझुप पारेर जेल कोचेको छ । यो सरकारले देशमै मल कारखाना खोलिदिए हुन्थ्यो । खेतीको समयमा जहिले पनि मलको हाहाकार हुन्छ । सरकारले राम्रो सिँचाइ, बीउ बिजन र कृषि उत्पादनको बजारीकरण गरिदिएको भए हुन्थ्यो । हाम्रा लाखौँ युवालाई यही काम पाउँथे ।"

किसान धनबहादुरको सरकारको प्रशंसा सुनेपछि मास्टर साहेबले भने, "के यो सरकारले साना किसान, मजदुरवर्गको हितमा काम गर्छ र ! यिनीहरू किसान र मजदुरवर्गको रगत पसिनाको मूल्य महत्त्व बुझ्ने मान्छेका सन्तान नै होइनन् । यिनीहरू आफ्नो पौरखले चुनाव जितेकै होइनन् भन्ने कुरा बाहिर आउँदै छ । उनीहरूलाई चुनावमा जिताई सरकारको सिँहासनमा बसाउने र पर्दा पछाडिबाट चलाउने मान्छेहरू त अर्कै छन् । उनीहरूले आफ्नो स्वार्थपूर्ति गर्न, कसैलाई उचाल्ने कसैलाई थचार्ने, बजार्ने काम गर्दै आएका छन् ।" फेरि उनले थपे, "त्यो पूर्वप्रम, पूर्वगृहमन्त्रीलाई झ्यापझुप पारी जेल कोचेको त जनताको आँखामा छारो हाल्ने र लोकप्रियता कमाउने मात्र काम गरेका रहेछन् । उनीहरूबाट आशा नगरे हुन्छ । धनबहादुर दाइ ।"

गाउँका युवाहरूको कुरा सुनेर पहिलेका दल देशघाती भए भनेर यस पटक एकचोटि राम्रो काम होला भनेर नयाँ दललाई हामीले परिवारको भोट दिएका थियौँ । आफ्नै खुट्टामा बञ्चरोले हानेको जस्तो भयो । पछुताउ भयो । अबदेखि राम्रोसँग नसोची, नबुझी कसैलाई भोट दिन्न ।" लौ, थकाइ पनि मेटियो । अब बाँकी भएको आलु गोड्न जानुपर्‍यो नत्र पानी र असिनाले खाइदिन्छ भन्दै किसान धनबहादुर लौ गएँ भनेर खेततिर गए ।

# एक मजदुरको चित्कार

✍ सत्य सुवाल

आज मजदुर दिवस रे ।
काठमाडौँमा फेरि मञ्च सजिएका छन्,
नेताहरूको ओठमा
श्रमिकका मीठा भाषण उम्रिएका छन् ।
तर यता,
कतारको ५५ डिग्री घाममुनि
एउटा मजदुर
फलाम बोकेर
आफ्नो जीवन गाडिरहेको छ ।
उसको शरीरमा पसिना छैन अब,
नुन बनेर सुकिसकेको छ ।
हातका डामहरू
उसका परिचयपत्र हुन्,
र निधारको घाम
उसको नागरिकता ।
देशले उसलाई
डिग्री दियो,
तर काम दिएन ।
लोकतन्त्र दियो,
तर बाँच्ने अधिकार दिएन ।
त्यसैले
ऊ रहरले होइन,
व्यवस्थाले लखेटिएर
मरुभूमिमा आइपुग्यो ।
आज बिहान
उसको साथी रामबहादुर ढल्यो ।
घामले भन्दा पहिले
गरिबीले मारेको थियो उसलाई ।
उसको छोरी
'बाबा' भन्न सिक्दै छ,
तर अब
उसको बाबा
कार्गोको बाकसभित्र फर्किनेछ ।
एयरपोर्टमा
फेरि एउटा आमा रोइनेछिन्,
फेरि एउटा श्रीमतीको सिन्दूर पुछिनेछ,
फेरि एउटा बच्चाको भविष्य टुहुरो हुनेछ ।
अनि सिंहदरबारमा
त्यही दिन
रेमिट्यान्सको तथ्याङ्क पढेर
देश समृद्ध भएको घोषणा हुनेछ ।
कस्तो विडम्बना !
गरिबका छोराहरू
विदेशी भूमिमा जलेर मर्छन्,
अनि तिनकै लासमाथि
सत्ताले विकासको भाषण दिन्छ ।
यो देशमा
नेताको छोरा
अमेरिका पढ्न जान्छ,
मजदुरको छोरा
कतार मर्न जान्छ ।
एउटा वर्ग
एसीभित्र राष्ट्रवाद बोल्छ,
अर्को वर्ग
घामभित्र रगत बेचेर
त्यही राष्ट्र धान्छ ।
देश भनेको
भूगोलको नक्सा मात्र होइन,
देश भनेको
आमाको पर्खाइ हो ।
बुबाको बेचिएको खेत हो ।
श्रीमतीको अधुरो निद्रा हो ।
छोराछोरीको भोक हो ।
मजदुरको पसिनाले भिजेको भविष्य हो ।
यदि नागरिक नै
विदेशी मरुभूमिमा
आफ्नो जीवन जलाउन बाध्य छन् भने
त्यो नक्साको रङ्गले मात्र
राष्ट्र जिउँदो हुँदैन ।
हामी मजदुर हौँ,
तर कमजोर छैनौँ ।
हाम्रो मौनतालाई
डर सम्झिने भूल नगर ।
किनकि
जब भोक बोल्न थाल्छ,
त्यो केवल आवाज हुँदैन,
त्यो विद्रोह बन्छ ।
जब पसिना आगो बन्छ,
त्यसले दरबारका पर्खाल पनि गलाउँछ ।
हामीले धेरै सह्यौँ,
झूटा सपना,
खोक्रा भाषण,
र चुनावी नाटकहरू ।
अब हाम्रो पसिनामाथि उभिएको सत्ताले
हाम्रो चित्कार सुन्नैपर्छ ।
हामीलाई दया होइन,
अधिकार चाहिएको हो ।
हामीलाई भाषण होइन,
आफ्नै माटोमा बाँच्ने भविष्य चाहिएको हो ।
नत्र याद राख,
एक दिन
यही जलेका हातहरूले
इतिहासको दिशा मोड्नेछन् ।
त्यो दिन
मजदुर दिवस
सिर्फ एउटा दिवस रहनेछैन,
शोषितहरूको क्रान्तिको दिन बन्नेछ ।

# "विचार र अभिव्यक्ति स्वतन्त्रतामाथि अङ्कुश लगाउने काम निरङ्कुशता हो"

भक्तपुर, १८ वैशाख । नेमकिपा ४ वडा समितिको आयोजनामा १३७ औँ अन्तर्राष्ट्रिय श्रमिक दिवसको अवसरमा बिहीबार प्रवचन कार्यक्रम सम्पन्न भयो ।

कार्यक्रममा नेमकिपाका केन्द्रीय सदस्य सुनिल प्रजापतिले विचार र अभिव्यक्ति स्वतन्त्रतामाथि अङ्कुश लगाउने काम निरङ्कुशता हो भन्नुभयो । उहाँले एमाले काङ्ग्रेसको भोट बैङ्कको रूपमा रहेको सुकुमवासी समस्या समाधानका लागि जग्गा वितरण गरिएको तर वास्तविक सुकुमवासीहरू बिचल्लीमा परेको उल्लेख गर्दै सरकारमा जानु भनेको शासन गर्नेभन्दा पनि जनताको वास्तविक समस्यालाई समाधान गर्ने हो भन्नुभयो ।

उहाँले ट्रेड युनियन र विद्यार्थी सङ्गठनहरू खारेज गर्नु भनेको पञ्चायतमा जस्तै निरङ्कुशता हाबी हुने सङ्केत गर्दै संविधानभन्दा माथि कोही नरहने दाबी गर्दै सरकारले हप्ताको दुई दिन बिदाको घोषणा गरे पनि शिक्षा नियमावलीमै २२० दिन स्कूल सञ्चालन हुने प्रावधान रहेको हुनाले भनपाले आइतबार बिदा नदिने निर्णय गरेपछि देशैभरका पालिकाहरूले सराहना गरेको उल्लेख गर्नुभयो ।

ख्वप अस्पतालमा पहिलेभन्दा बढी सेवा सुविधा वृद्धि गरिरहेको बताउँदै उहाँले बीमा सेवाबापत सरकारसित करिब ४० करोड बराबरको रकम भुक्तानी गर्न बाँकी रहेको जानकारी गराउनुभयो ।


उहाँले सरकारले दुवै सदन चलिरहेको बाहेकको अवस्थामा मात्र अध्यादेश जारी गर्न मिल्ने उल्लेख गर्नुभयो । उहाँले जनता सचेत र सङ्गठित हुन सके मौलिक हक हनन नहुने स्पष्ट पार्नुभयो ।

नेपाल क्रान्तिकारी मजदुर सङ्घका केन्द्रीय उपाध्यक्ष उपेन्द्र सुवालले मजदुरवर्गको हितमा ऐन कानुन लेखाउनुपर्ने, पुरुष महिलाबिच समानताको लागि सङ्घर्ष गर्नुपर्ने, वर्ग रहेसम्म वर्गसङ्घर्ष चालु रहने बताउँदै मे दिवसको औचित्य र इतिहासबारे प्रस्ट पार्नुभयो ।

कृष्णगोविन्द लाखाले सन् १८८६ मा अमेरिकाको शिकागो सहरमा मजदुर आन्दोलन भइरहँदा नेपालमा राणा शासकले जनतालाई गुमराहमा राखिरहेको उल्लेख गर्दै आर्थिक सक्षमताका लागि स्वदेशमै उत्पादनमा जोड दिनुपर्ने धारणा व्यक्त गर्नुभयो ।

नेमकिपा ४ वडा समितिका अध्यक्ष पशुपति प्रजापतिको सभापतित्वमा भएको उक्त कार्यक्रममा एच.एस. सुवालले पनि बोल्नुभयो ।

# वागीश्वरीमा तीनदिने क्षमता अभिवृद्धि तालिम सुरु




भक्तपुर, १८ वैशाख । वागीश्वरी कलेजको आयोजनामा तीनदिने Enhancing Teaching Excellence: Effective PPT Design and AI Integration for Faculty विषयक तालिम शुक्रबारबाट सुरू भएको छ ।

कलेज व्यवस्थापन समितिका उपाध्यक्ष मोहनप्रसाद प्रजापतिको प्रमुख उपस्थितिमा भएको उक्त तालिमको उद्घाटन कार्यक्रममा विश्वविद्यालय अनुदान आयोग सानोठिमीका प्रतिनिधि धनकृष्ण प्रजापतिले वागीश्वरी कलेजले आयोगको सहयोगमा शिक्षक कर्मचारीको डिजिटल क्षमता अभिवृद्धिको लागि निरन्तर कार्यक्रम सञ्चालन गर्दै आएको र त्यसको प्रतिफल विद्यार्थीहरूमा पनि देखिएको बताउनुभयो ।

वर्तमान प्रविधिको युगमा शिक्षक कर्मचारी समय सापेक्ष अद्यावधिक हुन नसके आजको विद्यार्थीसामु नटिक्ने चर्चा गर्दै उहाँले युग सुहाउँदो जनशक्ति उत्पादन गर्न शिक्षकहरू पनि डिजिटल मैत्री बन्नुपर्छ भन्नुभयो ।

वागीश्वरी कलेज आरएमसीका सल्लाहकार डा. बलराम दुवालले डिजिटल प्रविधि द्रुतगतिले विकास भइरहेको उल्लेख गर्दै हिजोको प्रविधिलाई आजको प्रविधिले विस्थापित गरिरहेको अवस्थामा डिजिटल शिक्षा निरन्तर सिकिरहनुपर्ने विषय बनेको र कतिपय अवस्थामा शिक्षकहरूभन्दा विद्यार्थीहरू यस मामिलामा अघि रहेको बताउनुभयो ।

कलेजका प्राचार्य धनकुमार श्रेष्ठको सभापतित्वमा भएको उक्त कार्यक्रममा संयोजक ज्ञानसागर प्रजापति र मानविकी इन्चार्ज राजन फेलुले पनि तालिमको औचित्यमाथि प्रकाश पार्नुभएको थियो ।

कार्यक्रम वैशाख २० गतेसम्म हुनेछ ।

***विश्व...***

बनाएका थिए भन्नुभयो ।

नेमकिपा बाँके जिल्ला अध्यक्ष शेरबहादुर विकले नेपाली जनता सचेत भएको भए भोट दिएको महिना दिनमै पछुताउनुपर्ने थिएन भन्नुभयो ।

नेमकिपा बाँके जिल्ला सचिव धनबहादुर सिजापतिको सञ्चालनमा सम्पन्न कार्यक्रममा सुर्जा थापा, वीरबहादुर चौधरी, प्रकाश शाह र दीपा बुढालगायतले नेमकिपाका अध्यक्ष रोहितद्वारा लिखित विश्व प्रशिद्ध मजदुर आन्दोलन तथा समाजवाद र सान्दर्भिक विषयवस्तुबारे टिप्पणी गर्नुभएको थियो ।

***विदेशी...***

उहाँले भन्नुभयो, "जनताको आवश्यकता भनेको गाँस, बास र कपास हो; देशको स्वतन्त्रता र स्वाधीनता हो; कसैलाई घरबारविहीन बनाएर देशमा सुशासन हुँदैन । लोकतन्त्र भनेको मौन बस्नु होइन; जनताको जल्दोबल्दो समस्याबारे बहस, छलफल र अन्तरक्रिया गरेर समस्याको समाधान खोज्नु हो ।"

साम्राज्यवादी देश अमेरिकाले क्युवामाथि लगाउँदै आएको नाकाबन्दी अन्त्य गर्नुपर्नेमा जोड दिँदै उहाँले भन्नुभयो, "अरु देशमा रहेका तेल खानी कब्जा गर्न या स्रोत र साधन कब्जा गर्न अमेरिकाले भेनेजुयला र इरानमा युद्ध छेडेको छ ।"

नेपाल क्रान्तिकारी मजदुर सङ्घका केन्द्रीय उपाध्यक्ष उपेन्द्र सुवालले अन्याय अत्याचारको विरोधमा लडेर प्राप्त भएको न्यायोचित मागको स्मरण गर्न नै संसारका विभिन्न मुलुकमा मे दिवस मनाउँदै आएको बताउनुभयो ।

अहिले मजदुरहरूको जीवन जोहो गर्न समस्या परेको चर्चा गर्दै उहाँले श्रमअनुसार ज्याला नपाउने, कामको सुनिश्चित नहुने हुँदा मजदुर आन्दोलन आवश्यक भएको बताउनुभयो ।

सामाजिक सुरक्षा कोष ऐन पुँजीपतिवर्गकै पक्षमा रहेको उल्लेख गर्दै उहाँले दबिएका, पिल्सिएका मजदुरको न्यायोचित माग पूरा गर्न सरकारको ध्यानाकर्षण गर्नुभयो ।

मजदुर आन्दोलन दबाउन प्रतिक्रियावादी मजदुर नेताहरूलाई जेलमा राखे पनि, फाँसी दिए पनि न्यायोचित आन्दोलन नदबेको उल्लेख गर्दै उहाँले सच्चा कम्युनिस्ट पार्टीको सरकार ल्याउन आन्दोलन आवश्यक छ भन्नुभयो ।

सिकर्मी सङ्घ भक्तपुरका अध्यक्ष विक्रम ढुकुछुले मजदुर सङ्घर्षकै कारण आठ घण्टा काम सुनिश्चित भएको स्पष्ट पार्दै देश विदेशमा मजदुरमाथि हुने दमन र शोषण तथा पुँजीवादको विरोधमा मजदुर आन्दोलन चालू राख्नुपर्नेमा जोड दिनुभयो ।

युवा र मजदुरहरू स्वदेशमै काम नपाउँदा बिदेसिन बाध्य भएको उल्लेख गर्दै उहाँले विदेशी पुँजीको सेवा गर्ने दलाल सरकारले जनताको सेवा नगर्ने बताउनुभयो ।

देशमा भएको मूल्यवृद्धिले निर्माण कार्यमा असर परेको कारण मजदुरहरू बेरोजगार र विस्थापित भएको चर्चा गर्दै उहाँले कामदार जनताको सङ्घर्ष चालू भइरहने बताउनुभयो ।

नेपाल क्रान्तिकारी विद्यार्थी सङ्घ जिल्ला समिति भक्तपुरका सुजी ह्योँगोजुले देशमा शासकहरू फेरिए पनि जनताको जीवनस्तर नफेरिएको औँल्याउँदै प्रजातान्त्रिक आन्दोलनमा विद्यार्थी सङ्गठनको महत्त्वपूर्ण योगदान छ, सङ्गठन खोल्ने राजनीतिक अधिकार हो; सङ्गठन खोल्ने अधिकारबाट वञ्चित गर्ने काम असंवैधानिक कदम हो भन्नुभयो ।

पुँजीवादी व्यवस्था परिवर्तन नभएसम्म कामदार जनताको सेवा नहुने स्पष्ट पार्दै उहाँले वास्तविक अवस्थाको सही विश्लेषण नहुँदा देशमा अन्योल र समस्या थपेको बताउनुभयो ।

वैदेशिक हस्तक्षेप, देशघाती एमसीसी, भारतीय विस्तारवाद र अमेरिकी साम्राज्यवादको विरोध गरेर देश बचाउन सङ्घर्षरत विद्यार्थी सङ्गठन खारेज गरेर सरकारले अप्रजातान्त्रिक कदम थाल्न नहुने उहाँले उल्लेख गर्नुभयो ।

नेपाल क्रान्तिकारी मजदुर सङ्घ जिल्ला समिति भक्तपुरका अध्यक्ष विष्णुराम दुमरुले मजदुर आन्दोलनको सङ्क्षिप्त जानकारी दिँदै युवा मजदुरलाई स्वदेशमै कामको सुनिश्चित गर्नुपर्ने आवश्यकता औँल्याउनुभयो ।

मूल्यवृद्धिले निर्माण कार्यमा असर परेको उल्लेख गर्दै उहाँले सरकारले मजदुर र किसानको निम्ति काम गर्नुपर्ने बताउनुभयो ।

औद्योगिक मजदुर प्रतिनिधि पूजा खत्रीले मजदुरहरूले भोगेका समस्याबारे अवगत गराउँदै कामको सुनिश्चित नहुँदा मजदुरहरू अलपत्र परेको बताउनुभयो ।

मजदुरहरू स्थायी भएर पनि अस्थायी हुनुपर्ने बाध्यता औँल्याउँदै उहाँले मजदुरमाथि खेलबाड गर्न नहुने बताउनुभयो । कार्यक्रमको बिचबिचमा जनगायक विनोद विक र बाल विकास स्कूलका विद्यार्थीहरूले देशप्रेमयुक्त गीत गाउनुभएको थियो ।

प्रमुख अतिथि प्रजापतिले भनपा वडा नं. ९ स्थित पासा पुच: को बाँसुरीको धुनमा उद्घाटन गर्नुभएको सो सभामा गणेश मावि, बाल विकास र आस्था सांस्कृतिक परिवारको तर्फबाट नृत्य प्रस्तुत गरिएको थियो ।

मजदुर सङ्घका जिल्ला सचिव रमेश दुमरुले मे दिवसको आवश्यकताबारे चर्चा गर्नुभयो । दूधपाटीमा भएको भेलामा सूर्यनारायण फाँजु र पुण्यराम न्हुछेले बोल्नुभएको थियो ।

सामाजिक सञ्जाल प्रयोगमा सतर्कता अपनाऔं।

सामाजिक सञ्जालमाः

- जातीय, धार्मिक, सामाजिक र साम्प्रदायिक सद्भावमा खलल पुऱ्याउने,
- राष्ट्रिय सुरक्षा र राष्ट्रिय एकतामा आँच पुग्ने,
- कुनै व्यक्ति वा संस्थाको प्रतिष्ठा, मर्यादा र आत्मसम्मानमा ठेस पुऱ्याउने,
- जातीय भेदभाव, छुवाछुत, श्रम र आत्मसम्मानप्रति अवहेलना हुने,
- शान्ति सुरक्षामा खलल पुग्ने,
- प्रचलित कानूनले रोक लगाएका सामग्रीहरूको प्रकाशन, प्रसारण र प्रदर्शन गर्ने,
- जनमानसमा भ्रम सिर्जना गर्ने,

जस्ता विषयवस्तु पोष्ट, शेयर, ट्याग, ह्यासट्याग गर्नु हुँदैन।
यस्ता कार्य कानूनतः दण्डनीय हुन्छन्।
नेपाल सरकार
विज्ञापन बोर्ड

**शंख बचत तथा ऋण सहकारी संस्था लि. को तपसिलमा उल्लेखित ऋणी सदस्यलाई धितो लिलामसम्बन्धी ०७ दिने अत्यन्त जरूरी सूचना**

यस संस्थाबाट तपसिलमा उल्लेखित ऋणीले विभिन्न प्रयोजनको लागि उपयोग गर्नुभएको कर्जा तिर्ने बुझाउने सम्बन्धमा यस संस्थाबाट पटक पटक मौखिक तथा लिखित रूपमा ताकेता गरिएको एवं 'मजदुर' दैनिक पत्रिकामा २१ दिने सूचना प्रकाशित गर्दा पनि आलटाल गरी बेवास्ता गरी यस संस्थालाई बुझाउनुपर्ने कर्जा नबुझाई, कर्जा तथा सहकारी सुविधासम्बन्धी सर्त बन्देज उल्लङ्घन गरेको हुनाले यस सहकारीको नाममा धितोबन्धक लेखिदिएको तपसिलको सम्पत्ति जहाँ जे अवस्थामा छ, सोही अवस्थामा बैङ्क तथा वित्तीय संस्थासम्बन्धी ऐन, २०७३ ले दिएको अधिकार प्रयोग गरी धितो लिलाम गर्नको लागी यो ०७ दिने सूचना प्रकाशित गरिएको छ । उल्लेखित मितिभित्र रकम दाखिला हुन नआएमा कर्जा उपयोग गर्ने क्रममा यस संस्थालाई लेखाइदिएको कर्जा तमसुक सर्त कबुलियतामा तथा सहकारी ऐन २०७४ मा भएको व्यवस्थाबमोजिम वा प्रचलित कानुनबमोजिम लिलामी प्रकृयाबाट संस्थाको सावाँ ब्याज तथा अन्य दस्तुर असुलउपर गरिने व्यहोरा यसैद्वारा जानकारी गराउँदछौँ । साथै व्यक्तिगत जमानी दिनुहुने व्यक्तिलाई समेत यसै सूचनाबाट सूचित गरिन्छ ।

**तपसिल**

| ऋणीको नाम/थर/ठेगाना | धन जमानीको विवरण |
|---|---|
| **नाम** : डम्बरबहादुर श्रेष्ठ<br>**सदस्यता नं.** : ०००८७०<br>**बुबा** : नरबहादुर श्रेष्ठ<br>**बाजे** : ध्वजवीर श्रेष्ठ<br>**ठेगाना** : टीकाथली-९ | **नाम** : आयुष श्रेष्ठ<br>**बुबाको नाम** : डम्बरबहादुर श्रेष्ठ<br>**बाजेको नाम** : नरबहादुर श्रेष्ठ<br>**ठेगाना** : टीकाथली-९ |

**शंख बचत तथा ऋण सहकारी संस्था लि.**
मध्यपुर थिमि-०६, भक्तपुर, फोन नं ०१-६६३८३३८




दैलेख दुल्लुको प्राचीन कुवा संरक्षणको पर्खाइमा ।
***तस्बिर :*** *मजदुर दैनिक*

प्रकाशक तथा कार्यकारी सम्पादक: उद्धव सुजखु★सम्पादक: विष्णुगोपाल कुसी ★ कार्यालय: कमलविनायक, भक्तपुर, फोन नं. ६६१०९२१, फ्याक्स: ६६१३२०७, E-mail: majdurdaily@gmail.com ★ विज्ञापन शाखा: ६६१९१०७/६६२०५५९, E-mail: majdurdailybigyapan@gmail.com ★ मुद्रक: सिद्धिगणेश अफसेट प्रेस, चोर्चा